जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक २९, २०७७ साल चैत २० गते शुक्रबार, नेपाल संवत् ११४१ (April 2, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## भुसाल र पाण्डे पनि निलम्बित

काठमाडौं । नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल र उपाध्यक्ष भीम रावललाई पार्टी सदस्यता नरहने गरी ६ महिना निलम्बन गरेका एमाले अध्यक्ष केपी शर्मा ओलीले नवौं महाधिवेशनबाट निर्वाचित उपमहासचिव घनश्याम भुसाल र स्थायी कमिटी सदस्य सुरेन्द्र पाण्डेलाई पनि पार्टी सदस्यबाट निलम्बन गरेका छन् ।

पार्टीले सोधेको स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै ६ महिनाका लागि बाँकी ८ पेजमा

## पुराना कम्युनिस्ट नेता मानन्धर रहेनन्



काठमाडौं । वरिष्ठ वामपन्थी नेता विष्णुबहादुर मानन्धरको पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ । मानन्धरको ९१ वर्षको उमेरमा सोमबार साँझ निधन भएको हो । उनको अन्त्येष्टि मंगलबार पशुपति आर्यघाटमा गरिएको छ ।

नेता मानन्धरलाई नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, सभामुख अग्निप्रसाद सापकोटा, माओवादी केन्द्रका नेताहरू बाँकी ८ पेजमा

# संवैधानिक र राजनीतिक संकटमा प्रधानमन्त्री

काठमाडौं । नयाँ सरकार कि अर्ली निर्वाचन भन्ने बारेमा राजनीतिक दलहरू निष्कर्षमा पुग्न नसक्दा मुलुक अनिर्णयको बन्दी बनिरहेको छ । दलहरूबीचको सत्तासमीकरणको कसरतले पनि कुनै निर्णय दिन नसक्दा यो स्थिति उत्पन्न भएको हो । सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनलाई बदर गरेपछि नैतिकताका आधारमा प्रधानमन्त्री ओलीले राजीनामा दिनेछन् भन्ने आम अपेक्षा पनि व्यर्थ भएपछि राजनीतिक संकट झनै बढ्दै जाँदैछ । प्रधानमन्त्री ओली सितिमिति तवरले सत्ता छोड्ने मुडमा देखिँदैनन् । उनलाई प्रतिस्थापन गर्न मुख्य भूमिका खेल्नुपर्ने प्रमुख प्रतिपक्ष पद नेपाली कांग्रेस मूकदर्शक बनेका कारण नयाँ सरकार गठनको प्रक्रिया नै अघि बढ्न सकेको छैन । प्रधानमन्त्री ओली जनता समाजवादी पार्टीलाई साथमा लिएर सत्ता निरन्तरताको अभ्यासमा क्रियाशील देखिएका छन् । उनले गृहमन्त्री रामबहादुर थापाको संयोजकत्वमा वार्ता टोली नै बनाएर जसपासँग सघन संवाद गर्न निर्देशन दिएका छन् । सरकार र जसपाबीचको संवादले सार्थक परिणाम दियो भने ओली अझै दुई वर्ष प्रधानमन्त्री रहनेछन् । उनको सरकारलाई ढाल्न अन्य दलहरूलाई सहज हुने छैन ।

सर्वोच्च अदालतको फागुन २३ को फैसलाले नेकपाको एकतालाई नै खारेज गर्दै एमाले र माओवादी केन्द्रलाई पूर्ववत् अवस्थामा फर्काइदिएपछि ओली सरकार संवैधानिक, राजनीतिक र नैतिक संकटमा परेको छ । ओली २०७४ फागुन ३ मा प्रधानमन्त्री नियुक्त भएका थिए । उनी प्रधानमन्त्री हुँदा एमाले र माओवादी केन्द्रबीच एकता भइसकेको थिएन । ओलीलाई संविधानको धारा ७६ (२) अनुसार राष्ट्रपति विद्यादेवी भण्डारीले एमाले र माओवादी केन्द्रको गठबन्धन सरकारको हैसियतमा ओलीलाई प्रधानमन्त्री नियुक्त गरेकी थिइन् । २०७५ जेठ ३ मा एमाले र माओवादी केन्द्रबीच एकीकरण भई नेकपा बन्यो । ओली नेतृत्वको सरकार संविधानको धारा ७६ (१) मा परिणत भई बहुमतको सरकार बन्यो । बहुमतको प्रधानमन्त्री (धारा ७६ १ अनुसार) बाहेक सबैले नियुक्त भएको ३० दिनभित्र



विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधानअनुसार ओलीले २०७४ फागुन २७ मा विह्वासको मत लिएका थिए । सर्वोच्च अदालतका न्यायाधीशद्वय वमकुमार श्रेष्ठ र कुमार रेग्मीको संयुक्त इजलासले ऋषि कट्टेललाई नेकपाको आधिकारिकता दिएपछि एमाले र माओवादी केन्द्र २०७५ जेठ २ गतेको अवस्थामा फर्किए । ओली अहिले बहुमतको सरकारको हैसियतमा छैनन् । उनी गठबन्धन सरकारको प्रधानमन्त्री बनेका छन् । माओवादी केन्द्रले ओलीलाई दिएको समर्थन फिर्ता नलिए पनि उनी नेतृत्वको सरकार गठबन्धन सरकार नै हो । गठबन्धन सरकारले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संविधानले भनेको छ । तर ओली भने माओवादी केन्द्रले विश्वासको मत फिर्ता नलिएसम्म बहुमतकै सरकार भएको दलीस पेस गरिरहेका छन् ।

प्रधानमन्त्री ओलीले चैत २३ गते विश्वासको मत लिनुपर्छ भन्ने आवाज प्रतिनिधिसभामै उठेको छ । माओवादी केन्द्रका सचेतक देव गुरुङले यो विषयलाई प्रवेश गराएका हुन् । कानुनका विज्ञहरू पनि प्रधानमन्त्रीले विश्वासको मत लिनैपर्ने अवस्था रहेको बताउँछन् । तर प्रधानमन्त्री भने माओवादी केन्द्रको समर्थन रहुन्जेल विश्वासको मत लिनु नपर्ने तर्क गरिरहेका छन् । माओवादी केन्द्रले पनि द्वैध चरित्र अख्तियार गरिरहेकै छ । ओलीलाई दिएको विश्वासको मत फिर्ता लिएर उनलाई अल्पमतमा धकेल्ने हिम्मत गरेको छैन । यदि माओवादी केन्द्रले समर्थन फिर्ता लिने हो भने ओली प्रधानमन्त्री नै रहे पनि अल्पमतमा पर्छन् । प्रतिनिधिसभामा एमालेका १२१ ज्ना सांसदहरू छन् । प्रधानमन्त्रीका लागि १३८ सांसद संख्या चाहिन्छ । एमाले औपचारिक रुपमा विभाजन नभए पनि नेपाल खनाल समूह ओलीको कार्यशैलीप्रति रुष्ट छन् । अझ ओलीले पार्टीमा बाँकी ८ पेजमा

## संगठन विस्तारमा नेकपा माले

काठमाडौं । नेकपा (माले) सुदूर पश्चिम प्रदेश कमिटीको बैठक प्रदेश कमिटीका सचिव क. परेकबहादुर रावलको अध्यक्षतामा कैलालीको घोडाघोडी नगरपालिका वडा नं. ८ दिपनगर गाउँमा सम्पन्न भएको छ । नेकपा (माले) का स्थायी कमिटी सदस्य तथा केन्द्रीय प्रवक्ता क. कुमार बेलबासे एवम् नेकपा (माले) स्थायी कमिटी सदस्य तथा सुदूर पश्चिम प्रदेश इञ्चार्ज क. सुरेन्द्र ढकालको उपस्थिति रहेको बैठकले प्रदेश कमिटीमा केही सदस्य थप गर्ने, पूर्व तथा पश्चिम ब्युरो प्रमुखहरू तोक्ने मातहतका कमिटीहरू र जिल्लाकाा पार्टी सदस्यहरूको सदस्यता नविकरण गर्ने, वजसहरूको गठन तथा पुनर्गठन गर्ने निर्णयहरू गरेको छ । यसैगरी सोही बैठकले घोडाघोडी नगरपालिकाको सुखडमा २०७८ बैशाख १५ गते पार्टी महासचिव सीपी मैनालीको उपस्थितिमा जनसभा तथा बाँकी ८ पेजमा

## समाजमा बलत्कारका घटना बढनुमा राज्य नै दोषी



**आश्मा बस्नेत**

काठमाडौं । पछिल्ला दिनहरूमा बलत्कारका घटना श्रृङखलित रुपमा बाहिर आइरहेका समाचारहरूले निरास बनाएको छ । समाजमा छोरीहरू बलत्कार हुने घटनामा कुनै कमी आएको देखिदैन । आफ्ना आफन्तबाट नै यस किसिमका घटना छोरीहरूमाथी निन्दनीय रहेको छ ।

निर्मला पन्तदेखि भागरथी भट्टसम्मका घटनाहरूलाई केलाउने हो भने पनि धेरै छोरीहरूले बलत्कार र हिंसाका घटनाको सिकार हुनु परिरहेको छ । राज्यले जतिनै महिला अधिकारका कुरा छाँटेपनि समाजमा बढदै गएका महिलाहरूमाथी हुने हिंसा र बलत्कार घटनाले राज्यको उदासिनता प्रष्ट नै पारेको छ । यो राज्य छोरीहरूमाथी हुने बलत्कारप्रति संवेदनसिल भएको भए सम्झना कामी, भागरथी भट्ट, रेस्मा सुनारहरूले अनाहकमा ज्यान गुमाउनु पर्ने थिएन ।

विशेषगरी बालिका तथा किशोरीहरूमाथी हुने बलत्कारका घटनामा समाज परिवार पनि दोषी भएको देखिन्छ । कुनै बालिका वा किशोरीलाई कसैले बलत्कार गर्‍यो भने ति बलत्कृत किशोरी तथा बालिकाको आवाज समाजले नै दवाउन खोज्दछ । यस्तो कुरा बाहिर भन्यो भने भविश्यमा तिम्रो विवाह हुदैन परिवारको इज्जत जान्छ समाजले कुरा काटन थाल्छन विवाह भएन भने समाजमा नराम्रो भइन्छ भन्ने जस्ता अनायस डर र त्रास देखाएर घटना बाहिर ल्याउन नै नदिने यहि समाज हुन्छ यिनै परिवार हुन्छन । सो घटनालाई बाहिर ल्याएर दोषीलाई कानुनको कठाघरामा बाँकी ८ पेजमा

## भारतले मिच्यो जंगेपिलर

काठमाडौं । २०२० सालताका झापामा मेची नदीको धार परिवर्तन गर्दा भद्रपुर-३ महेशपुरको एउटा सानो गाउँको नक्सा पनि फेरियो । त्यो बेला मेची बगेको स्थान अहिले भारततिर छ । यो क्षेत्रमा करिब १० हेक्टर जमिन भारतले अतिक्रमण गरेको छ ।

त्यस्तै मेचीनगर-१५ मेचीपारिको अर्को गाउँमा पनि १० हेक्टर जमिन भारतले अतिक्रमण गरेको छ । द्वन्द्वकालमा प्रहरी चौकी विस्थापित भएका बेला भारतले यो क्षेत्रमा पुनः अतिक्रमण सुरु गरेको थियो । तर, स्थानीयवासीको विरोधले अतिक्रमण बढ्न पाएन ।

झापा-इलामको सीमावर्ती बाहुनडाँगीस्थित तिरिङदेखि खजुरगाछीसम्मको करिब १ सय ४४ किलोमिटर क्षेत्र भारतसँगको खुला सीमा क्षेत्र हो । यो क्षेत्रका करिब चार दर्जन स्थानमा भारतसँग सीमामा किचलो छ । सीमा जोडिएका झापाको मेचीनगर, महेशपुर, घेराबारी, कचनकवल, झापा



आदि क्षेत्रमा पनि अतिक्रमण छ ।

मेचीनगर-७ भान्साखोलाका वीरबहादुर सुव्वाले खोरिया फाँडेर बसेको पुरानो बस्ती अहिले भारतीय भूमिमा पर्छ । २०३२ सालपछि यो क्षेत्रमा अरू पनि थपिँदै गए अनि सानो टोल नै बन्यो । भारतले करिब ३७ वर्षअघि यो जमिन अतिक्रमण गरेको स्थानीय अगुवाको दाबी छ । यहाँको १५ घरधुरी भारतमा परेको छ ।

भारतले आफ्नो दाबी गरेको यो जमिनलाई नेपालीहरूले नै जोतभोग गर्दैछन् । मेचीनगर नगरपालिकाले विवादित यो जमिनमा स्थानीयका लागि पानी, बिजुली, सडक आदि पूर्वाधार विकासमा बर्सेनि बजेट छुट्याउने गरेको छ । स्थानीयका अनुसार करिब ६० बिघा भारतले बाँकी ८ पेजमा

## उठेन फोहोर

काठमाडौं । स्थानीयवासीले अवरोध गरेपछि काठमाडौं उपत्यकाको फोहोर छ दिनदेखि व्यवस्थापन हुन सेकेको छैन । विगत १३ वर्षदेखि उपत्यकाको फोहोर व्यवस्थापन हुँदै आएको नुवाकोटको सिसडोलस्थित ल्यान्डफिल साइटका बासिन्दाले विभिन्न माग राखी अवरोध गरेपछि उपत्यकाको फोहोर उठ्न नसकेको हो ।

सिसडोलका स्थानीयवासीले यही चैत १३ गतेदेखि उपत्यकाको फोहोर लान अवरोध गरेका छन् । फोहोरमैला प्रभावित क्षेत्रका शिक्षक व्यवस्थापन सङ्घर्ष समितिले प्रभावित क्षेत्रका विद्यालयमा ५१ वटा शिक्षक दरबन्दी थप गर्नुपर्ने र प्रभावित सबै विद्यार्थीका लागि माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्नुपर्ने जस्ता माग राखेर अवरोध गरेका हुन् । यस विषयमा काठमाडौं महानगरपालिकाले बाँकी ८ पेजमा

## पुनरावलोकन माग बदर

काठमाडौं । सर्वोच्च अदालतले नेकपा एमाले र माओवादी केन्द्र ब्युँताउने आफ्नो फैसलामा पुनरावलोकनको अनुमति नदिने भएको छ । प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा, न्यायाधीशहरु तेजबहादुर केसी र प्रकाशकुमार ढुंगानाको पूर्ण इजलासले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले दिएको पुनरावलोकन निवेदन सुनुवाइका लागि अनुमति नदिएको हो । बाँकी ८ पेजमा

## विश्वबैंकको आर्थिक प्रक्षेपण

काठमाडौं । चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर २.७ प्रतिशत हुने विश्व बैंकले आकलन गरेको छ । कोभिड-१९ का कारण सुस्ताएको दक्षिण एसियाली अर्थतन्त्र पुनरुत्थानको चरणमा रहँदा विश्व बैंकको यस्तो प्रक्षेपण आएको हो । आगामी आर्थिक वर्षमा भने आर्थिक वृद्धिदर ३.९ प्रतिशत हुने विश्व बैंकले आफ्नो पछिल्लो अर्धवार्षिक प्रतिवेदनमा जनाएको छ ।

सन् २०२३ मा भने नेपालको आर्थिक वृद्धिदर ५.१ प्रतिशत पुग्ने प्रतिवेदनमा उल्लेख छ । बुधबार प्रतिवेदन सार्वजनिक गर्दै विश्व बैंकले दक्षिण एसियाली अर्थतन्त्र पुनरुत्थानको चरणमा गए पनि नाजुक अवस्थामा रहेको जनाएको हो । दक्षिण एसियाली अर्थतन्त्र सन् २०२१ मा ७.२ प्रतिशतले बाँकी ८ पेजमा

## सुरेन्द्र ढकाल प्रतिष्ठानबाट सहयोग

काठमाडौं । गत चैत १३ गते शुक्रवारका दिन कैलाली जिल्ला घोडा घोडी नगरपालिका वाड नं ८ दीप नगरमा सुरेन्द्र ढकाल प्रतिष्ठानको सहयोगमा निर्मित दुइवटा चौतारीको प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले एक समारोह वीच उद्घाटन गर्नुभयो ।

कूल लागत रु १३०,००० मा सम्पन्न भएको उक्त चौतारोको लागि ढकाल प्रतिष्ठानले एक लाख र स्थानीय उपभोक्ता समितिले बाँकी ८ पेजमा





## देश बिकासको मेरूदण्ड नै कर्मचारी हुन्

समय सन्दर्भ



**पूर्ण ओली**
**(पूर्वमहासेनानी)**

देशको स्थायी सरकार भनेकै कर्मचारी हुन् । यदि कर्मचारी सक्षम इमान्दार तथा लगनशिल हुने हो भने त्यो देश बिकासमा पछि पर्दैन । प्रधानमन्त्री, मन्त्रीहरूले आफ्नो इच्छा शक्ती देखाएर कर्मचारीलाई नीति निर्देशन तथा आडभरोसा मात्र दिने हो । मन्त्री बदल्नासाथ अन्तरगतका बिभाग कार्यलयमा त्यस्को प्रभाव पर्नु हुंदैन । हाम्रो देश बिकासमा पछि परेको हामी बारम्बार नेतालाई मात्र दोष दिइरहेका छौं । सरकार अस्थिर भएर देश बिकास नभएको भन्छौं । इटली, इजरायलमा बर्ष दिनमा सरकार बदलिरहन्छ तर त्याहाँका बिकास अबरुद्ध हुंदैनन् । किनकि त्यहाँ सिस्टम छ । सबैले सिस्टमा बसेर काम गर्छन् । कसैको सोर्षफोर्ष र हस्तक्षेप चल्दैन । ती देशका नेता तथा कर्मचारी सक्षम, इमान्दार साथै राष्ट्रप्रति समर्पित हुन्कछन् ।

हाम्रो देशमा निजि स्तरमा चलेका संघ संस्था, बैंक, शैक्षिक संस्था, अस्पतालहरू सबैजसो संधैभरि राम्रो संग नाफामा चलिरहेका हुन्छन् । त्यहाँ काम गर्ने कर्मचारी कामचोर र भ्रष्ट हुंदैनन् । त्याहाँ काम नगर्ने या ठग कर्मचारीलाई तुरुन्त बर्खास्त गरिन्छ । त्यसको बिरोध गर्ने त्याहाँ कुनै ट्रेड युनियन हुंदैन जसलाई राजनैतिक दलले संरक्षण गरेको होस । जागिर खाँदा नै गरिएका सम्झौता अनुसार उनीहरूले काम गर्छन । अर्कोतर्फ नेपालका सरकारी कर्मचारीले काम गरे पनि नगरेपनि समयमा तलब पाउँछन् । यदि कसैलाई कारबाहि गर्न बाध्य भइयो भने उसलाई ट्रेड युनियनले बचाउ गर्छ । यस्ता ट्रेड युनियन दलका भात्रि संगठनहरू हुन्छन् । यी ट्रेड युनियनका नेता सिधै प्रमुख नेताको बेडरुममा पुग्न सक्छन् । बिगतमा तल्लोतहका कर्मचारी देखि उच्चतहका ओहोदामा पुगेका कर्मचारी समेत सरकारको बिरोधमा जुलुस नारामा सडकमा निस्केका देखेका छौं । उनीहरूलाई कारबाहि गर्नुको सट्टा ब्यबस्था बदल्ना साथ बढुवा गरिएको थियो । दलमा लागेका कर्मचारीलाई अबकास पछि संबैधानिक नियुक्त गरिएका उदाहरण छन् । यसबाट पनि कर्मचारीको अनुसाशनहिनतामा पनि दलका नेताले प्रश्रय दिने गरिएको थियो ।

तोकिएका योजनाहरू समयमा कुनै पुरा हुंदैन । यस्ता योजनाहरू ढिला गर्दै योजनाका बजेट बढाउंदै कमिसन बढाइन्छ । यस्ता कार्यमा ठेकेदार, कर्मचारी तथा नेताको समेत मिलिभगत भइरहेको पाइन्छ । शुरुमा नेताहरूलाई भ्रष्टाचार गर्न सिकाउने कर्मचारी नै बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक** तेजेन्द्र प्रसाईं
**प्रबन्ध सम्पादक** कृष्णराज दुलाल
**प्रबन्ध निर्देशक** किरण थापा
**अतिथि सम्पादक** विष्णु भट्टराई
**सहसम्पादक** घनश्याम ओली
**बजार व्यवस्थापन** रामशरण रिमाल
**सम्पादन सहयोगी** गोविन्द विक

**आजीवन सल्लाहकार**
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

### प्रदूषण समस्यालाई खेलाँची नठानौं

काठमाडौं उपत्यका विश्वकै प्रदूषित सहरको रूपमा दर्ज हुन पुग्दा सबै नेपालीलाई दुखित बनाएको छ भने उपत्यकाबासीको स्वास्थ्यमा प्रतिकूल असर पुगेको छ । गत शुक्रबारदेखि बुधबार बेलुकासम्म कठमाडौं उपत्यका र आसपासका क्षेत्रसमेत बाक्लो तुवाँलोले ढाकिदिँदा दिउँसै रात पर्न थालेजस्तो दृश्य देखिएको थियो । बुधबार साँझ परेको पानीले बिहीबार बिहानबाट तुवाँलो क्रमशः फाट्दै वातावरणमा सुधार हुन थालेको छ । पर्यावरणविद् तथा मौसमविदहरूले तुवाँलोको कारण मुलुकका विभिन्न ठाउँका वनजंगलहरूमा लागेको डढेलो रहेको बताएका छन् । यसपटक हिउँदे वर्षा नभएका कारण वनजंगल र पाखा रेखाहरूमा धेरैतिर आगलागी हुन पुग्यो । पूर्वको प्रसिद्ध पाथिभरा देवीको मन्दिर भएको डाँडालाई समेत डढेलोले सखाप बनाएर मन्दिरमा आगलागी हुने खतरा भएपछि हेलिकप्टरद्वारा पानी खन्याएर मन्दिर जोगाइएको थियो । ताप्लेजुङकै दोभान बजारसमेत आगलागीले खरानी बनायो । बढ्दो डढेलोको प्रकोप, आगलागी, धूलो, सवारी साधनले फाल्ने धूवाँ, उद्योगधन्दा कलकारखानाको धूवाँ, विकास निर्माणको कार्यबाट उड्ने धूलो जस्ता कुराहरूको सम्मिश्रण नै उपत्यकाको बाक्लो तुवाँलोको मूल कारक तत्व भएकोमा दुईमत छैन ।

प्रदूषणका कारण मानिसको स्वास्थ्यमा गम्भीर समस्याहरू देखापर्न थालेका छन् । फोक्सो, मुटुका दीर्घरोगका समस्या, रूघाखोकी, ज्वरो, घाँटी दुख्ने, आँखा पोल्ने, बान्ता हुने, रिंगटा लाग्ने जस्ता समस्या प्रदूषणले निम्त्याएको चिकित्सकहरू बताउँछन् । प्रदूषणका कारण शैक्षिक संस्था बन्द गर्नुपरेको पहिलोपटक हो भने यसपल्टको प्रदूषणले वायुसेवा समेत नराम्रोसँग प्रभावित बन्न पुगेको थियो । अहिलेको प्रदूषणले मानिसको आँखाम गम्भीर असर पर्न सक्ने आँखा रोग विशेषज्ञ डा.विज्ञान शर्मा बताउँछन् । अहिलेको वायुमा कार्बनमनोअक्साइड, नाइट्रस अक्साइड जस्ता हानिकारक ग्यासहरू भएकाले त्यसबाट आँखामा असर पुऱ्याउन सक्छ । आँखा पोल्ने, चिलाउने, रातो हुने, आँखाको डिल सुनिने जस्ता समस्या देखिन सक्छन् । कोरोना महामारीको सन्त्रास कायमै रहेको अवस्थामा वायु प्रदूषणले जनस्वास्थ्यमा अर्को समस्या थपिदिएको छ ।

वायुप्रदूषणको असर सर्वत्र फैलिरहेको अवस्थामा काठमाडौंमा फोहोरमैलाको समस्या पनि उत्तिकै देखिन थालेको छ । लकडाउनको समयपछि सफा देखिन थालेका सहर बजारका बाटाघाटा अहिले फोहोरका डुंगुरले ढाकिन थालेका छन् । एक हप्तादेखि फोहोर नउठेका कारण सडक गल्लीमा फोहोर बढ्न थालेको छ । फोहोर व्यवस्थापनको काम रोकिएपछि घरघरमा फोहोर संकलन गर्ने मजदुरहरू जान छोडेका छन् । घरको फोहोर उठ्न छोडेपछि बाटामा फोहोर फाल्ने असभ्य संस्कारको थालनी भएको छ । वातावरणमा फैलिएको वायुप्रदूषण र बाटाघाटा, चोक, डबलीहरूमा देखिएको फोहोर प्रदूषणको घिनलाग्दो दृश्यले जनस्वास्थ्यमा पर्ने गम्भीर समस्या एकातिर छ भने अर्कातिर कोरोना कालदेखि थालिएको पर्यटन क्षेत्रलाई ब्युँझाउन समेत समस्या पर्ने देखिन्छ । सामाजिक सञ्जालमा देखिएका प्रदूषण र फोहोरका दृश्यले पर्यटकले नेपाल गन्तव्यलाई अन्यत्रै मोड्न सक्ने सम्भावना नकार्न सकिँदैन ।

सबैखाले प्रदूषण नियन्त्रण गरेर स्वच्छ पर्यावरण कायम राख्ने कार्यमा सरकार गम्भीरतापूर्वक लाग्नुपर्ने हुन्छ । प्रदूषण पूरै नियन्त्रण गर्न नसके पनि घटाउन अवश्य सकिन्छ । धूलो, धूवाँ कम हुने बित्तिकै निलो आकाश, सेता हिमाल, हरिया पहाड सहजै देखिने कुरा लकडाउनको समयलाई फर्केर हेर्दा हुन्छ । सवारी साधनहरूले फाल्ने धूवाँ नियन्त्रण गर्न स्वच्छ ऊर्जा खपत गर्ने साधनलाई बढावा दिनुपर्छ । विकासको नाममा बिनायोजना जथाभावी डोजर चलाएर भत्काउने, धूलो उडाउने काममा तत्काल रोक लगाउन आवश्यक छ । उद्योगधन्दाको धूवा घटाउन उपकरणहरूको प्रयोग गरिनुपर्छ । गाउँघर, सहरबजार सबैतिर स्वच्छ, सफा राख्ने उपाय खोजिनुपर्छ । प्लास्टिकजन्य कुराहरूको नियन्त्रण गरिनुपर्छ । जथाभावी आगो बाल्ने, डढेलो सल्काउनेहरूलाई कडा कारबाही गर्नुपर्छ । डढेलो नियन्त्रण गर्न स्रोतसाधन परिचालन गर्नुपर्छ । नागरिकहरूलाई स्वच्छ वायु सेवन गर्न पाउने अधिकार सुरक्षित गर्न सरकारले पूर्णरूपमा ध्यान पुऱ्याउन आवश्यक छ ।

# भारत एक्लिँदै विखण्डनतर्फ



**सुरेन्द्र ढकाल**

औपनिवेशिक मनस्थितिलाई राष्ट्रिय चरित्र बनाएको भारतका जन्मदाता भनिने महात्मा गान्धीको पनि हत्या भएको हो- आफ्नै देशको नागरिकबाट । सिख आत्मसम्मानको इज्जत गर्न नजानेको कारण एउटा स्वाभीमानी सिखले इन्दिरा गान्धीको हत्या गऱ्यो । छिमेकी देशमा विग्रह फैलाई उसको विखण्डन गर्ने कार्य असफल हुँदा एक तामिलको झाप्पु मात्रै होइन, हत्याको सिकार पनि हुनु पऱ्यो राजीव गान्धीले ।

पाकिस्तानलाई टुक्र्याएर बंगलादेश बनाउन भारत समर्थ त भयो तर खै त बंगलादेशीहरूको मन जित्न सकेको भारतले ? मोदी बंगलादेश पुग्दा जुन विरोध भयो त्यसको नियन्त्रण गर्न

**पाकिस्तानलाई टुक्र्याएर बंगलादेश बनाउन भारत समर्थ त भयो तर खै त बंगलादेशीहरूको मन जित्न सकेको भारतले ? मोदी बंगलादेश पुग्दा जुन विरोध भयो त्यसको नियन्त्रण गर्न खोज्दा प्रदर्शनकारी मारिए । यसले के सन्देश दियो ?**

खोज्दा प्रदर्शनकारी मारिए । यसले के सन्देश दियो ? २०१७ सालदेखि २०७७ सालसम्म आफ्नो देशले भनेअनुरुप नभएको कारण भारतले नेपालमाथि पटक पटक आर्थिक नाकाबन्दी लगायो, विशाल नेपाल र सानो नेपालको लाखौं वर्गमिटर जमिन अतिक्रमण गऱ्यो जसको फलस्वरुप हरेक नेपाली भारत विरोधी हुन पुगे ।

भुटानको रक्षा र परराष्ट्र आफ्नो नियन्त्रणमा लिइरहेको छ तर अहिले भुटानमा भारत विरोधीहरूको सरकार छ । दक्षिण एसियामा भारतको मित्र भन्नु अहिले माल्दिभ्सबाहेक कुनै देश छैन । अति कट्टर हिन्दुवादीहरूको सरकार भएको कारण भारतभित्रका मुसलमानहरू आतंकित छन् । त्यहाँका क्रिश्चियनहरूमा अधैर्य बढिरहेको छ । धनी दक्षिणले गरिब उत्तर (उत्तरप्रदेश, विहार) लाई किन पाल्ने भन्ने क्षेत्रीयतावाद विस्तारै भारतमा फैलिँदैछ । कास्मिरको सिमित स्वतन्त्रतालाई भारतले खारेज गरेपछि केन्द्रीय सरकारसँग उनीहरू क्रुद्ध छन् । सिखहरू पुनः स्वतन्त्र खालिस्तानको अभियान छेड्न त्यसका लागि आवश्यक अर्थ संकलन गर्न ब्यस्त छन् । दार्जिलिङ अशान्त छ ।

सिक्किमले भारतले झुक्कायर आफ्नो स्वतन्त्रता हडपेको रहेछ भन्ने उनीहरूमा अहिले चेतना आइरहेको छ । सन १९६२ मा चीनसँग भएको युद्धमा नराम्ररी हार ब्यहोरेको कारण भारत त्यसको बदला कसरी लिने भन्ने सोचमा छ । हिजो सोभियत संघसँग सैनिक सम्झौता गरी त्यसको बलमा पाकिस्तान विखण्डन गरी स्वतन्त्र बंगलादेश बनाएको भारत, सिक्किम खाने भारत अब अमेरिकातिर ढल्किइ उसैको सहयोग आफूलाई चीन बराबरीको आणविक शक्ति बनाउनमा लागि परेको छ ।

अमेरिकी नेतृत्वमा रहेको इण्डोपेसिफिक रणनीतिको पक्षधर भएकै कारण उसले त्यसको बलमा नेपालको ब्यास क्षेत्र र पाकिस्तान नियन्त्रित कास्मिरलाई आफ्नो भूराजनीतिक नक्सामा गाभ्यो । अब भारत एकापट्टी र अर्कोपट्टि चीन, पाकिस्तान, श्रीलंका बंगलादेश, भुटान र नेपाल हुने स्थिति आएमा भारतले आफ्नो भौगोलिक अखण्डता जोगाउन मुस्किल छ । भारत छिमेकीहरूबाट एक्लिँदै विखण्डनतर्फ गइरहेको छ ।

# दलहरूको लापर्बाही उत्कर्षमा



**गोविन्द विक**

**जसलाई जनताले विश्वास गरी मत दिएर सत्ताको साँचो सुम्पिए तिनै दलको लापरवाहीका कारण मुलुक ठप्प हुनु विडम्बना नै हो । ओलीले जसरी पनि थप तमासा देखाउन चाहिरहेका छन् भने अन्य दलहरू पनि त्यही तमासा हेरेर बस्नु चाही गलत हुँदैछ ।**

प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले दलभित्रको रडाकोका कारण प्रतिनिधिसभा विघटन गरेर मुलुकलाई केही समय गतिहिन अवस्थामा पुऱ्याए । सो सरकारको निर्णयलाई सम्मानित अदालतले उल्टाइदिएपछि प्रतिनिधिसभा पुनः व्युँतिएको छ । प्रतिनिधिसभा व्युँतिए पनि सभाले अहिलेसम्म पनि बिजनेस पाएको छैन ।

प्रधानमन्त्री केपी ओली र सभामुख अग्नि सापकोटाबीच टकराब देखिएको छ । जसले गर्दा प्रतिनिधि सभा नै सुचारु हुन समस्या उत्पन्न भइरहेको छ । प्रधानमन्त्री ओली जसरी पनि सभालाई अगाडि नबढाउने मनस्थितिमा पुगेको हुनाले नै यो अवस्था आएको बुझाइ धेरैको छ । प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने मुख्य दलहरूबीच आपसी समझदारी बन्न नसक्दा अहिले मुलुक अनिर्णयको बन्दी बनिरहेको छ ।

सत्ताको नेतृत्व गरेको सबैभन्दा ठूलो दल नेकपाभित्रको विग्रहले अहिलेको अवस्था निम्त्याएको हो । प्रधानमन्त्री केपी शर्मा ओली जसरी पनि अदालतले व्युँत्याइदिएको प्रतिनिधि सभालाई ठप्प पार्ने दाउमा छन् भने सरकारलाई सर्मथन गरेको नेकपा माओवादी केन्द्र समर्थन फिर्ता लिएर ओली सरकारलाई अल्पमतका पार्ने भन्दा पनि प्रमुख प्रतिपक्ष नेपाली कांग्रेस र तेस्रो ठूलो दल जसपाको साथ लिएर अविश्वासको प्रस्तावमार्फत ओलीलाई कुर्सीबाट हटाउने मनस्थितिमा देखिएको छ । त्यही भएर सरकारलाई दिएको समर्थन फिर्ता नलिएको देखिन्छ ।

प्रमुख प्रतिपक्ष नेपाली कांग्रेस सरकारमा गइहाल्नुभन्दा पनि चुनाव भएमा भोग बैंक सबै आफ्नै पोल्टामा आउने अपेक्षासहित भरसक ओली सरकारले नै चुनाव गराए हुन्थ्यो भन्ने आसय लिएर नयाँ सरकार गठनमा सुस्ताएको देखिन्छ । प्रमुख प्रतिपक्ष दलका सभापति शेरबहादुर देउवाले त प्रतिनिधि सभा विघटन हुँदा पनि चुनाव नै भइदिए हुन्थ्यो भन्ने गरेका थिए ।

ओलीको असंवैधानिक कदमलाई देउवाले खुलेर आलोचना गरेका पनि थिएनन् । सबै राजनैतिक दलहरूमा अहिले दुई फकलेटा भएर भनाइहरू आइरहेका छन । नेपाली कांग्रेसमा पनि देउवा र रामचन्द्र खेमा देखिएको छ । एमालेमा त झनै डरलाग्दो विखन्डन निम्तिएको छ भने जसपामा पनि उपेन्द्र बाबुराम महन्थ राजेन्द्र गरी खेमा छुटिदैछ । जे होस जुन जुन खेमामा भए पनि जता जता गए पनि जसलाई समर्थन गरे पनि तत्काल एक आपसमा समझदारी कायम गरी मुलुकलाई निकास दिन जरुरी छ ।

जसलाई जनताले विश्वास गरी मत दिएर सत्ताको साँचो सुम्पिए तिनै दलको लापरवाहीका कारण मुलुक ठप्प हुनु विडम्बना नै हो । ओलीले जसरी पनि थप तमासा देखाउन चाहिरहेका छन् भने अन्य दलहरू पनि त्यही तमासा हेरेर बस्नु चाही गलत हुँदैछ । एमालेमा निम्तिएको विग्रहको रमिते अन्य दल किन बन्ने ? प्रतिनिधि सभामा कयौं कानुनहरू अड्किएका छन् । सभामा पेश हुनुपर्ने नियमावली तथा ऐनहरू अलपत्र छन । संसदबाट पास नगरी कुनै पनि कानुनले बैधानिकता पाउँदैन ।

संघीय सरकारले गर्नेपर्ने पुनः संरचित कार्यहरू कता हराए पत्तो छैन । दोस्रो लहरको कोरोना फैलिने जोखिम त्यत्तिकै छ । छिमेकी मुलुक भारतका कतिपय राज्यमा लकडाउन नै भइसक्यो । खुला सिमानाका कारण नेपालमा पनि कोरोना बढेर लकडाउनको अवस्था पनि आउन सक्छ । दोस्रो चरण भ्यक्सिन खरिद कता हो ? पहिलो त अनुदान थियो दोस्रोमा पैसा चाहिने खबर आइरहेका छन । त्यसैले मुलुकलाई निकासमा लैजानका लागि प्रमुख दलहरू जिम्मेवार हुन जरुरी छ ।

मुलुकलाई मध्यावधि चुनावमा लैजाने हो भने पनि सबै दल एक ठाउँमा उभिन जरुरी छ । चुनावका लागि पनि दलहरूबीचको बुझाइ धारणा एउटै हुनुपर्दछ । कम्तीमा पनि प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलहरू एक ठाउँमा उभिने वातावरण बनेको अवस्था चुनावमा जान सहज हुन्छ । कुनै दल चुनाव भन्छ कुनै दल नयाँ सरकार गठन गर्ने भन्दै हिँडछ कुनै दल यही सरकारलाई समर्थन गर्ने भन्दै विभिन्न शर्त तेर्स्याएर बस्छ यसरी आआफनै हिसावले अगाडि बढ्न खोजेपछि कसरी चुनाव हुन्छ ? न चुनावको पक्का न सरकार बनाउने कुराको पक्का छ । त्यसकारण दलहरूले जनमतको लापरवाही गर्ने वातावरणलाई उत्कर्षमा पुऱ्याएका छन् ।

# राजनेताहरूको अदूरदर्शिताले राष्ट्र र जनता विपत्तिमा पर्छन्



सुदर्शन प्रधान

सन् १९११ मा चिनीया जनताले डा.सनयातसेनको नेतृत्वमा क्रान्ति गरेर त्यहाँको मड.चु वंशको राजतंन्नत्रको पतन भयो । गणतंन्त्र स्थापना भयो । चिनको पछिल्लो राजतंन्त्रको पतन हुने घटनालाई सन् १९११ को क्रान्ति भनिन्छ भने नेपालमा पनि भएको शाहवंशको पतनपूर्ण घटनालाई क्रान्ति किन नभन्ने ? तसर्थ तत्कालिन नेकपा (माओवादी) का शिर्षस्थ नेतृत्व प्रचण्ड, मोहन वैध, डा.वावुराम, सि.पी.गजुरेल, वादल, नन्द बहादुर पुन, वर्षामान पुन, हिसीलायमी, पम्फा भुषाल, नेत्र विक्रम चन्द्र, खडक बहादुर वि.क., धमेन्द्र बास्तोला, तिलक परियारहरू नेपालको गणतंन्त्रका मातापिताहरू हुन । जुन पार्टीका केन्द्रिय सम्पुर्ण सदस्यहरू जनमुक्ति सेनाका कमाण्डरहरू र सिपाहीहरू पनि त्यसका भागीदार हुन । अनि तत्कालिन सात राजनैतिक पार्टीका शिर्षस्थ नेतृत्वहरू पनि नेपालको गणतंन्त्रका मातापिता हुन । जसले तत्कालिन नेकपा (माओवादी) संग १२ बुदे सम्झौतामा हस्ताक्षर गरी राजतंन्त्रको पतनको लागि क्रान्तिमा होमिए ।

विद्वान ग्रिष्म बहादुर देवकोटाले मात्र नेपालको राजनैतिक दर्पण पुस्तक ग्रन्थहरू लेखेर २००७ सालको क्रान्ति, २०१७ सालको प्रतिगमनको घटना र पंचायती सत्ताका गतिविधिहरूबारे विस्तृत रुपले लेखेर इतिहास रचे । आज चाहि २०५२२०६२/०६३ को गणतंत्रको क्रान्तिबारे विस्तृत कुराहरूको एक ग्रन्थको ज्यादै खाँचो छ । जुन कालको पार्टी दस्तावेजहरू नेतृत्वको वक्तव्यहरू २०५८ जेष्ठ १९ राजा विरेन्द्रको वंशवासको घटना जनयुद्धका मूलभुल घटनाहरू, पार्टी नेतृत्व र सैन्य कमाण्डरहरू, शहिदहरू घाइते अपाङ्गहरू, जनस्तरबाट शाहीसेना र शाही प्रहरीहरूसंग मुठभेडका घटनाहरू, जनयुद्धमा जन्मेका साहित्यकार, पत्रकारहरू र तिनका रचनाह, सात राजनैतिक पार्टीसंग संयुक्त जनआन्दोलनको लागि भएको १२ बुदें सम्झौता, विदेशी शक्तिहरूको भुमिका, नेपाली जनताको अपार १९ दिने आन्दोलनहरू सवै समेटिओस यथार्थ रुपले र नेपाली समाज र राष्ट्रलाई अग्रगमन दिने विचारले अतिप्रोत होस लेखकको आत्मा । अझ यो पुस्तक ग्रन्थ निकाल्न प्रतिस्पर्धा होस इतिहासका लेखकहरू माझ ।

जुन पुस्तकले नेपाली समाजलाई उज्वल भविष्य निर्माण गर्न उत्प्रेरण देओस । ति महान शहिद र घाइते अपाङ्गहरूका सपना संम्वृद्ध नेपाली र शक्तिशाली नेपाल नै थियो भनेर नकि वर्तमान भाडभैलो अवस्था । नकि खडक ओलीहरूको मनपरि तन्त्र ।

माथिको पुस्तकको आवश्यकता किन पनि हो भने जनयुद्ध कालका घटनाहरू ब्यूँताएर कमरेड प्रचण्ड लगाएत अन्य नेता, कार्यकर्ताहरूलाई हेगको कठघरामा उभ्याउने त कसैलाई यहि कै जेलमा राख्ने षडयन्त्रहरू अझै सम्म जिवन्त छ । पछिल्लो पाली प्रचण्डको १९ पेजको के.पी. ओलीबारेको प्रतिवेदनमा पनि उक्त कुरा उल्लेख छन । गणतंन्त्रका मुल मातापितालाई जेल सजाय भनेको के हो ? त्यो नीश्चित रुपले गणतंन्त्र र संघीय संम्वीधान विरोधी नै हो । नेपाली जनताले ७० वर्ष देखि लडेर प्राप्त भएको गणतंन्त्र गुम्दा नेपालको राजनैतिक अवस्था भयावह बन्ने छ । खडक ओलीहरू त्यसमा ज्यान फालि लागि रहेछन् । बेलैमाथि त्यसलाई नियन्त्रण गर्नु तमाम देशभक्त र लोकतन्त्र वादीहरूको परम कर्तव्य हुन आएको छ ।

घटनाक्रमले एउटा महत्वपुर्ण कुराबारे चर्चा गर्दा फलदायी नै होला भन्ने पंक्ति कारको मत छ, त्यो के भने नेपालमा गणतंन्त्र स्थापना भएपछि र राजा ज्ञानेन्द्रले सत्ता त्यागेपछि अनि सविंधान सभाको निर्वाचन हुने वातावरण बनेपछि नेकपा(माओवादी) पार्टी विघटन गर्न पर्थ्यो । मुल लक्ष्य प्राप्त पछि अर्को लक्ष्य प्राप्तिको लागि पुन नया माहोल र परिवेश सिर्जना गर्नु युगवाहकहरूको मुल कर्तव्य हो । उदाहरणको लागि भारतबाट सन् १९४७ मा अंग्रेज उपनिवेश वादी शक्ति फकिए पछि स्वाधिनता सग्रामको मूल नेतृत्व माहात्मा गान्धीले आफ्नो कांग्रेस पार्टी विघटन गर्ने प्रस्ताव गरेको हो 'मूल उदेश्य प्राप्त भएपछि यो पार्टीको औचित्य छैन' भनेर । तर ज्वहार लाल नेहरू मानेन् गान्धी चाहि स्वतन्त्र बसे । आज भारतको इतिहासमा महान् बने तर नेहरू चाहि भारत वरपरका साना राष्ट्रहरूलाई थिचोमिचो गर्ने, विलिन तुल्याउने र मुठीभर शोसक वर्गको हित स्वार्थमा डुब्ने नेतामा दरिए ।

नेपालको तत्कालिन नेकपा(माओवादी) विघटन गरेर नया परिवेश भनौं पार्टी निर्माण गर्ने अवस्था सिजाएको भए नेपालको वर्तमान राजनीति जति दुषित, खण्डीत र विदेशीहरूबाट प्रभावित छ । यस्तो स्तरमा हुन पाउथेन ! १० वर्षको जनयुद्धमा संगै वसेर लडने योद्धाहरू आज प्रचण्ड, मोहनबैध, डा.वावुराम, बादल, नेत्रविक्रम चन्द पाँचवटा खेमामा विभक्त छन र ति सवै विच सत्रुतापुर्ण अन्तरविरोध पनि । जुन अन्तर विरोधको मुल कारक पद, पैसा र प्रतिष्ठा पाईन्छ ।

नेपाली जनताको मुक्त र स्वाधिनताको लागि कुनै समय टाउकोमा कात्रो बाधेर रणभुमिमा उत्रेका योद्धाहरू एक आपसमा त्यस्ता तुच्छ कुराहरूमा आरोप प्रत्यारोपको भुमरीमा फस्नु कति दु :खद र दुर्भाग्यपुर्ण घटना ! यद्यपी उनिहरू सवै आआफ्नो पार्टी सिद्धान्त र राजनिति एकमात्र सही र सत्य अरु पार्टीहरू चाहि गलत र घातक हुन भनि दावि गर्छन । अव स्तालिन वादीहरूको काँधमा इतिहास र वर्तमानका सम्पुर्ण घटना क्रमहरूलाई यथार्थ रुपले व्याख्या र विश्लेषण गर्न पर्ने दायित्व हुन आएको छ । जुन कुराले वर्तमान सवै खालका अन्धकारपुर्ण कुराहरूलाई चिरेर उज्वल भविष्यको लागि सही र अचुक मार्गदर्शन गरोस् ।

# मैले देखेको १६४ औं विश्व पर्यटकीय स्थल

# टोकियोको आकासाका शाही दरबार

सुरेन्द्र ढकाल



अगाडिबाट हेर्दा दरबार यस्तो देखिन्छ



दरबारअगाडिको पानीको फोहोरासहितको बगैंचा



दरबार वरिपरि घुम्ने फुटपाथ



दरबारअगाडिको प्रवेशद्वारसहितको मोहोडा



दरबार परिसरमा रहेका अन्य साना संरचनाहरू



दरबारको मुख्य द्वार

अगष्ट १७ को दिन जापानी सम्राटको दरबार देखाउने कार्यक्रमअनुरुप बिहान १० बजे हिसानो म बसेको रोपोंगीस्थित आइविस होटलमै लिन आइन्। उनले मलाई सरासर टोकियोको मिनाटो भन्ने ठाउँमा रहेको दरबार परिसरमा पुऱ्याइन्।

### आकासाका शाही दरबार

त्यस दरबार परिसरमा हामी पुगेको समय म र हिसानोबाहेक कोही पनि थिएन। त्यसको मुख्य कारण दरबार जिर्णोद्धारको लागि भनेर २००६ को शुरुबाटै ३ वर्षको लागि बन्द भएको रहेछ। हिसानो शाही परिवारकै सदस्य भएको कारण बाहिरबाटै दरबार परिसर मलाई अवलोकन गराउने उनले चाजो मिलाएकी रहिछन्। त्यो थाहा पाएपछि मैले आफूलाई धन्य सम्झैं। जापान आएर पनि आकासाका दरबार आफ्नै आँखाले नहेरी फर्कनु पर्दा सायद त्यति मजा हुने थिएन होला।

यो दरबार सम्राटको निवास मात्रै नभई राजकीय पाहुना घर पनि रहेछ। हुन त अर्को यस्तै राजकीय पाहुना घर क्योटो स्टेट गेस्टहाउस पनि भएको हिसानोले जानकारी गराएकी थिइन्। मौलिक रुप यो जापानी युवराज तोगु गोसोको निम्ती भनेर सन १९०९ मा बनाइएको रहेछ। तर सन १९७४ देखि भने यस दरबारलाई विदेशी राष्ट्राध्यक्ष जापान आउँदा उनलाई राख्ने विशिष्ट पाहुनागृहको रुपमा ब्यवस्थित गरिएको रहेछ।

१५ हजार वर्गमिटरमा फैलिएको मुख्य दरबारका वरिपरि जापानी शैलीका ससाना संरचनाहरू पनि ठडिएका रहेछन् र सबै गर्दा १ लाख १७ हजार वर्गमिटर जमिन यस दरबार परिसरले ओगटेको रहेछ। दरबारअगाडिको पानीको फोहोरा निकै आकर्षक रहेछ। पश्चिमा नव वारोक शैलीमा बनेको यो दरबार मेजी कालमा बनेको सबैभन्दा ठूलो संरचनाभित्र पर्दो रहेछ। दरबारलाई वरिपरिबाट अवलोकन गर्न भनेर ३ दशमलव २५ किलोमिटरको फुटपाथ (पैदलमार्ग) बनाइएको रहेछ।

इतिहास खोतल्दै जाँदा यस दरबार बसेको ठाउँमा टोकुगावा वंशसँग सम्बन्धित परिवारहरूको निवास थियो रे। मेजी वंशको शासनको शुरुवातसँगै त्यतिखेरका त्यस जमिनका मालिक ओवारीले त्यस ठाउँ मेजी सम्राटलाई सुम्पेका रहेछन्। काटामाया नामक आर्किटेक्टले डिजाइन गरेको यो दरबार दश वर्ष लगाएर सन १८९९ मा शुरु गरी १९०९ मा सम्पन्न गरिएको रहेछ।

पहिले यसको नाम टोगु दरबार रहेछ। पछि यहाँबाट युवराजको निवास सरेपछि यसको नाम आकासाका राखिएको रहेछ। सन् १९२३ देखि १९२८ सम्म यही दरबारमा सम्राट हिरोहितो बसेका रहेछन्। राज्याभिषेकको लागि मात्रै केही महिनाको लागि बस्ने भनेर आएका सम्राट हिरोहितो ५ वर्ष पुरै बसेछन्। सन १९२३ को अगष्टमा हिरोहितोले यो दरबार छोडेको चौथो दिन सेप्टेम्वर १ तारिखमा जापानमा ठूलो भूकम्प आएको रहेछ।


दोस्रो विश्वयुद्धपछि जापान सरकारले शाही निवासलाई यहाँबाट सारेको रहेछ र त्यहाँ संसद पुस्तकालय (National Diet Library) लगायत जापान सरकारका विभिन्न कार्यालयहरू संचालनमा आएका रहेछन्। सन १९६४ को गृष्मकालिन ओलम्पिकको कार्यालय पनि यहीं बसेको रहेछ। दोस्रो विश्वयुद्धको तहसनहसपश्चात भएको आर्थिक पुनरुत्थानको प्रक्रियासँगै सन १९६७ मा यही आकासाका दरबारलाई करिब ११ अरब जापानी येनको खर्चमा ५ वर्ष लगाएर जिर्णोद्धार गरी राजकीय पाहुना घरकै रुपमा पुनः ब्यवस्थित गरिएको रहेछ।

जिर्णोद्धार आर्किटेक्ट तोगो मुरानोको नेतृत्वमा ५ वर्ष लगाएर सन १९७४ मा सम्पन्न भएको रहेछ। जिर्णोद्धारपश्चात बनेको यस दरबारमा तत्कालिन अमेरिकी राष्ट्रपति जेराल्ड फोर्ड पहिलो पाहुना भएर रात बिताएका रहेछन्। त्यसपछि यो दरबारले राजकीय पाहुनाघरकै रुपमा निरन्तरता पाएको रहेछ। तत्पश्चात यही दरबारमा जि सेभेन (सात ठूला औद्योगिक राष्ट्र) पाँचौं, १२ औं र १९ औं शिखर सम्मेलन सम्पन्न भएका रहेछन्।

दरबारभित्र छिर्न नपाएको र वरिपरिबाट अवलोकन गर्ने कार्य मात्र भएको हुँदा हामी त्यहाँ १ घन्टाभन्दा बढी बसेनौं। तत्पश्चात हिसानोले मलाई टोकियो शहरको केन्द्रबिन्दु विश्वका सबैभन्दा महँगो ठाउँको रुपमा परिचित गिन्जामा लगिन्। त्यहाँको एक महँगो रेस्टुराँमा हामीले खाना खायौं। खाना खाएपछि हिसानोले मलाई बताएअनुसार खानाको बिल झण्डै मैले तिरेको काठमाडौं ओशाकाको हवाइ टिकटको ५० प्रतिशत हुन पुगेको रहेछ।

संसारको सबैभन्दा महँगो त्यो रेष्टुराँमा जापानी शाही परिवार, जापानी फिल्मका उत्कृष्ट नायक नायिका, जापानी प्रसिद्ध गायकहरू लगायत जापानका अति धनी ब्यापारी मात्रै आउँदा रहेछन्। त्यस्तो महँगो रेष्टुराँमा खाना पाउनु मेरो लागि भने ऐतिहासिक अवसर थियो। थोरै थोरै दश कोर्ष (पटक) गरी खाना दिइँदो रहेछ। पुरै कोर्ष खाइ सक्दा दुइ घन्टा बढी हुँदो रहेछ। त्यो रेष्टुराँबाट निस्किँदा दिउँसोको करिब ३ बजेको थियो। त्यहाँबाट बाहिर निस्केपछि हिसानोले मलाई केही उपहार किनिदइन् र ४ बजे होटलम छोडिदिइन्। बाँकी दिन आराम गर्दै भोलिपल्टको आफ्नो नेपाल फिर्ती प्रस्थानको तयारीमा लागेँ म। भोलिपल्ट अगष्ट १८ को दिन नारिता एअरपोर्टबाट ओशाका हुँदै नेपाल फर्के।

# नेपाली कम्युनिस्ट लिगको स्थापना-२




■ शम्भुराम श्रेष्ठ

(ख) सन् १७९२ मा उक्त सन्धि भएको २२ वर्षपछि हालको भारत, पाकिस्तान र बंगलादेश समेत समाहित दक्षिण एसियाली उपमहाद्विपमा औपनिवेशिक शासन चलाइरहेको अंग्रेज साम्राज्यवादले लाखौंको सेना लिएर नेपालमाथि आक्रमण गऱ्यो। जनरल भीमसेन थापाको नेतृत्वमा नेपाली सेना र जनताले उक्त साम्राज्यवादी आक्रमणको डटेर मुकाबिला गर्दै अत्यन्तै बहादुरीका साथ लडेर तीन वर्षसम्म अंग्रेज आक्रमणकारीहरूलाई अघि बढ्न दिएनन, रोकेरै राखे। तर सैनिक जवानहरूको संख्या र शस्त्रास्त्रको दृष्टिकोणले अंग्रेज साम्राज्यवाद नेपालभन्दा कयौं गुणा ठूलो र शक्तिशाली भएकाले हेर्दाहेर्दै समुद्रका छालहरूझैं बढ्दै आएर काठमाडौंबाट १५ माइल दक्षिण-पश्चिममा पर्ने चिसापानी गढीमा ७० हजार अंग्रेज फौज आइपुगिहाल्यो। त्यसबाट नेपालको राजधानी नै खतरामा पर्न गएका हुनाले बाध्य भएर नेपालले अंग्रेज साम्राज्यवादसँग सुगौली सन्धि गर्नुपऱ्यो। त्यो सन्धि भएदेखि र त्यसमा पनि, जंगबहादुरले कोतपर्व गरी मुलुकको राजसत्ता हत्याएर राणा जहानिया शासन चलाएदेखि नेपाल हरेक दृष्टिकोणले अंग्रेज साम्राज्यवादको अर्धउपनिवेशमा बदलिन गयो र बेलायत र ब्रिटिस भारतमा बनेका वस्तुहरूले नेपालमा खुला र बेरोकटोक प्रवेश गर्न थाले। तर नेपाली वस्तुहरूलाई त्यसबाट संरक्षण गर्ने काम राणा सरकारबाट बिल्कुलै भएन। त्यसले गर्दा नेपालको देशीय उद्योगको परम्परागत विकासक्रम एकाएक बीचैमा टुट्न गयो, भंग हुन गयो। उपरोक्त घटना खास गरेर त्यस्तो बखतमा हुन गयो, जुन बखत नेपालका विभिन्न थरीका दस्तकार उद्योगहरूको विकास र विस्तार एकदमै स्वस्थ रुपले र अविच्छिन्न रुपले तीव्र गतिमा भइरहेको थियो। त्यसमा पनि दक्षिण एसियाली मुलुकहरू मात्रै होइन, कास्मिर, इरान र इराक आदि मध्य तथा पश्चिम एसियाका मुलुकहरू समेतको तिब्बतसितको व्यापार मार्गलाई जोड्ने मुख्य थलो नै नेपाल विशेष गरेर काठमाडौं उपत्यका भइदिएको र काठमाडौं उपत्यका खुदै पनि त्यस मार्गमा पर्ने प्रमुख व्यापार केन्द्र भइदिएकोले नेपालको तत्कालनि सामन्ती समाजमा वस्तु अर्थतन्त्रको विकास राम्ररी भइरहेको थियो र वस्तु अर्थतन्त्रमा नै पुँजीवादका बिउहरू अन्तर्निहित हुने भएकाले नेपालको तत्कालीन सामन्ती समाज स्वयं नै पनि आफसेआफ विस्तार विस्तारै पुँजीवादी समाजमा परिवर्तित हुँदै विकसित भएर जानेवाला थियो। तर उपरोक्त घटनाले गर्दा त्यो प्रक्रिया नै अवरुद्ध हुन गयो। यसरी एकातिर नेपालको तत्कालीन सामन्ती समाज पुँजीवादी समाजमा विकसित भएर जाने त्यसको आफ्नो स्वाभाविक तथा वस्तुगत प्रक्रिया अवरुद्ध हुन गयो भने अर्कोतिर चीन र भारत जस्ता अर्धऔपनिवेशिक तथा औपनिवेशिक मुलुकहरूमा साम्राज्यवादीहरूद्वारा पुँजीवाद ल्याउने काम भएजस्तै नेपालमा अंग्रेज सामज्यवादले त्यस्तो कुनै काम गरेन। त्यसले त सिर्फ नेपाललाई आफ्नो सेनाको निम्ति नेपाली युवकहरूलाई भर्ती गर्ने केन्द्रको रुपमा मात्र उपयोग गऱ्यो। फलतः नेपाल पूरै डेढ शताब्दीसम्म पिछौटेको पिछौटे नै रहन गयो र दोस्रो विश्वयुद्धको अन्ततिर मात्रै अर्थात् राणा शासनको अन्तिम कालतिर मात्रै भारतीय पुँजीपतिहरूसितको साँठगाँठमा नेपालमा मूलतः भारतीय पुँजी र भारतीय श्रमले आधुनिक उद्योगहरू खोलिए र त्यहाँदेखि झन्डै १७८ वर्षअघि देखि अंग्रेज साम्राज्यवादको अर्धउपनिवेश भइआएको नेपाल अर्धसामन्ती पनि हुन पुगेको छ।


(ग) 'नेपालले सन् १७९२ को नेपाल-चीन सन्धि मुताविक पाँच-पाँच वर्षमा पेकिङ दरबारमा बुझाउन जानपर्ने कर सन् १९१३ देखि बुझाउन जान छाडेपछि उक्त सन्धि औपचारिक रुपले खारेज नभई कायमै रहेको भए तापनि व्यवहारतः विल्कुलै निष्क्रिय र मृततुल्य भएको थियो। तर दोस्रो विश्वयुद्धको समाप्तिपश्चात् दक्षिण एसियाली उपमहाद्विपमा अंग्रेजहरूको औपनिवेशिक साम्राज्यको पतन भई भारतमा नेहरू सरकार बनेपछि र विशेष गरी चीनमा महान जनक्रान्तिको विजय र तिब्बतको मुक्ति भएपछि त्यसरी निष्क्रिय र मृततुल्य भइआएको नेपाल-चीन सन्धिलाई एकपटक फेरि भारतको नेहरू सरकारको तर्फबाट ब्युँझाउने काम भयो। नेहरू सरकारले किन त्यसो गरेको होला ? त्यसो गर्नाको कारण स्पष्ट छ। आखिर नेहरू सरकार भनेको त भारतीय पुँजीपति वर्गको सरकार नै त हो। त्यस्तो सरकारले चाहे त्यो भर्खरै मात्र अंग्रेज साम्राज्यवादको औपनिवेशीहरू दासताबाट मुक्त भई बनेको सरकार नै किन नहोस्, आफ्नो मुलुकभन्दा साना तथा कमजोर छिमेकी मुलुकहरूमाथि गिद्द दृष्टिले हेर्नु, तिनीहरूमाथि थिचोमिचो गर्नु, शोषण गर्नु र तिनीहरू विरुद्ध विस्तारवादी नीतिहरू त त्यसको वर्गस्वभाव नै हो। त्यस्तो वर्गस्वभाव भएकै कारणले नेहरू सरकारले नेपालमा अंग्रेज साम्राज्यवादीहरूले उपभोग गरिआएका अर्धऔपनिवेशिक विशेषाधिकार तथा विशेष सहुलियतहरू अपुतालिको रुपमा हत्याउने कुप्रयास गर्न थाल्यो। त्यही कुप्रयासकै सिलसिलामा सन् १९५० को सुरु सुरुमै पं. जवाहरलाल नेहरूले अन्तिम राणा प्रधानमन्त्री मोहन शमशेरलाई भारत भ्रमण गर्न निम्तो दियो। मोहन शमशर नयाँदिल्ली पुगेपछि उनलाई पं. नेहरूले एकातिर सन् १७९२ को नेपाल चीन सन्धिको पहिलो बुँदामा 'अब उप्रान्त नेपाल र तिब्बतले चीनलाई पिता मान्नुपर्नेछ र आफूहरूलाई दिदीबहिनी सम्झनुपर्नेछ।' भनेर लेखिएको कुराको आधारमा र त्यसमा पनि विशेष गरी 'चीन र तिब्बतमा हालसालै भएका राजनीतिक परिवर्तनहरूको कारणले 'चिनियाँ जनमुक्ति सेना तिब्बतमा जस्तै नेपालमा पनि पस्न सक्नेछ भनेर तर्साउन थाल्यो भने अर्कातिर चिनियाँ जनमुक्ति सेना नेपालमा पस्यो भने, त्यो नेपालको निम्ति मात्र होइन, भारतकै निम्ति पनि ठूलो खतराको कुरा हुन्छ -किनभने) परापूर्वकालदेखि भारतको भव्य सीमाक्षेत्र, अर्को शब्दमा भारतको प्रमुख सुरक्षा पर्खाल नेपालको उत्तरी सिमानामा परेको छ, भन्दै चीनविरुद्ध भारतसँग सैनिक गठबन्धन गर्न र यथाशीघ्र नेपालमा राजनीतिक परिवर्तन (अर्थात् प्रजातन्त्र ल्याउन) गर्न धम्कीपूर्ण प्रस्ताव राख्यो।

## नियात्रा त्यो यात्रा थियो कि म्याराथन ?

✍ - रामप्रसाद पन्त

सायद त्यो यात्राभन्दा बढी म्याराथन दौड थियो। तर त्यो त्यस्तो दौड थियो, जुन प्रतियोगितामा कसैको जित वा कसैको हार हुँदैन थियो। सबै विजेता, सबै पराजित। यस्तै दुवै पक्षले जित्ने खेल हुन्छ रे प्रेमको ! प्रेमको लडाइँमा कि त दुवैको जित हुन्छ, कि दुवैको पराजय।

साहित्यिक प्रतिस्पर्धा पनि साँच्चै नै यस्तै हुन्छ क्यारे ! मिलेर सही सिर्जना गऱ्यो भने सम्वर्द्धन, अस्वस्थ प्रतिस्पर्धातिर लाग्यो भने अपसर्जन। भाषा-साहित्य र संस्कृतिको लडाइँ जहाँ पनि सकारात्मक हुन्छ र कल्याणकारी नै हुन्छ। त्यसै भएर होला, भाषाकै नाताले सिमा मेटिएको। हामी त्यसै नातालाई अझ बलियो बनाउन म्याराथन दौड गर्दै छौं अहिले। अहिले, अर्थात् आज २०७१ सालको चैत्र १६ गते।




बिहान सातै बजे हाम्रो दौड सुरु भएको छ – सिक्किमको गान्तोक बजारबाट। हामीलाई खुट्टा दुखाएर, स्वाँस्वाँ र फ्वाँ फ्वाँ गर्दै दौड्नुपर्दैन। पसिना चुहाउनु पर्दैन र कसैले कसैलाई उछिन्ने कोसिस पनि गर्नुपर्दैन। हामीलाई चारपाङ्ग्रे दुईवटा जीपले ओराल्दै छन् रानीपुलतिर। जुन बाटोबाट हाम्रो गमन भएको थियो, त्यही बाटोबाटै आगमन सुरु भएको छ। उही मल्ली, उही सिङ्गताम, उही रम्फु र उही तिष्ठा बजार, अर्थात् कालिङपोङ, सिक्किम र दार्जिलिङको जङ्कसन।

दार्जिलिङ लाग्ने दोबाटोमा उभिएको बोर्डले सङ्केत गर्दै थियो– गान्तोक ६४, दार्जिलिङ ४१, कालिङपोङ १६, सिलगढी ५० किलोमिटर। मैले हिसाब गरेँ– गान्तोकदेखि दार्जिलिङ १०५ किलोमिटर रहेछ।

हामी तिष्ठापश्चिमको डाँडोतर्फ उकालो लाग्यौँ। बाटो साँघुरो थियो र जेरीजस्तै जेलिएर घना जङ्गलको बाटो उकालो लाग्दै थियो। पारिपट्टिबाट कालिङपोङ उक्लेजस्तै वारिबाट दार्जिलिङ उन्मुख हुँदै थियौँ हामी। जङ्गल उस्तै, बाटोको संरचना उस्तै, खाली बाटो साँघुरो मात्र। मैले अनुमान गरेँ – दार्जिलिङका लागि त्यो बाटो कमै प्रयोग हुँदो रहेछ। म देख्दै थिएँ– सवारी साधनहरूको सङ्ख्या अत्यन्त न्युन थियो, कारण साँघुरो र घुमाउरो बाटोको संरचनाले धान्नै सक्तैनथ्यो यातायातको घनत्वलाई।

हामी निकै उचाइमा पुगेछौँ। जङ्गल छाडेर छिटपुट बस्ती आयो, बाटो तेर्सिँदै गयो र आइपुग्यो चिया बगान। 'पेसोक' भनिँदो रहेछ त्यस ठाउँलाई। ड्राइभरले जीप साइड लगायोर भन्यो– चिया नास्ता खाउँ। ठाउँ चाहिँ रोकिनै पर्ने र दृश्यावलोकन गर्नै पर्ने रहेछ।

रुखपात कम भएको त्यो डाँडैभरि चियावगान थियो तर भूमि उर्वर नभएर होला, चियाका बोटहरू सप्रिएका थिएनन्। खाना खाइदिएबापत गाडी धोइदिने चलन, क्या मज्जा ड्राइभरलाई !

त्यसैले खाना खाए ड्राइभरहरूले, तर हामीले भने चिया नास्ता मात्र गऱ्यौँ। ठाउँ अग्लो र खुल्ला थियो, दृश्य रमणीय थियो। एकल र समूहमा फोटो खिच्न व्यस्त भयौँ हामी।

करिब आधा घण्टाको अलमलपछि हामी लाग्यौँ डाँडैडाँडा।

लामाहट्टामा बाटोको दायाँबायाँ लाम लागेका देखिए अग्ला अग्ला विविध जातका घनीभूत सल्ला र धुपीहरू। 'सेकेन्ड फरेष्ट' भनेर चिनिने ती वृक्षहरू रोपण गरिएका थिए। मैले खुलेर प्रशंसा गरेँ– वृक्षरोपण गरेर मात्र के गर्ने ? संरक्षणको यो कति राम्रो काइदा ! वृक्षमात्र हो र, उन्युले लपक्क ढाकिएको बाटोमाथिको ढिक एक टक हेरिरहुँजस्तो थियो। पानीका मूलहरू ओर्लँदै थिए बाटोमा र पछ्याउँदै थिए गन्तव्य। पानीका ट्याङ्करहरू कुद्दै थिए हाम्रा अगाडि। क्रमशः हामीहरू 'छ माइल' र 'तीन माइल'मा कुद्दै गयौँ र जोरबङ्गला पुग्यौँ। जोरबङ्गला दार्जिलिङको प्रवेशद्वार रहेछ। सिलगढी-खर्साङ हुँदै जोडिने भूपथ र लौहपथको मिलन विन्दु।

पिच बाटोमै छोटीलाइन देखेर मात्र त मलाई त्यति आश्चर्य लागेको थिएन, प्रचलनमा नआएको रेलवे लिक पनि हुन सक्थ्यो। तर त्यसमाथि अहिले पनि रेल चल्छ भन्दा घोर आश्चर्य लाग्यो। एकैछिनमा देखिइहाल्यो रेल। गाडीहरू रोकिए, हामी रोकियौँ। चारवटा डिब्बाको त्यो सानो रेल धुवाँ छोड्दै र छुकछुकाउँदै कछुवा गतिमा लाग्यो पछिल्तिर। मैले सुनेको दार्जिलिङमा चल्ने रेल त त्यही पो रहेछ।

'बाटो नबन्दै बिछ्याइएको रेलवे लाइनसँगसँगै बाटो बनाएर सवारी साधनहरू चलाउन थालेपछि त रेलवे लिकलाई कुनापट्टि सारेको भए पनि त हुन्थ्यो नि ! त्यसो गरेको भए रेल आउँदा गाडि रोकिइराख्नुपर्ने थिएन।' मेरो भनाइको चित्त बुझ्दो जवाफ कसैबाट नआएपछि मैले आफैँ अनुमान लगाएँ – दिनमा एक'दुई पटक आउनेजाने अल्पगतिको रेलको ऐतिहासिकता नमेटाउने दृष्टिकोण होला ! नत्र आधुनिक जमानामा हाम्रो भृकुटी मण्डपको बालरेल जस्तो रेलमा महँगो भाडा तिरेर दिनभर लगाएर मानिस किन चढ्थे ? हुन पनि अहिले स्वदेशी भन्दा विदेशी नै बढी चढ्दा रहेछन्। 'टोयट्रेन'को नामले चिनिने कोइलाबाट चल्ने उक्त रेलको सिलगढी-दार्जिलिङ भाडा भारु. पन्ध्र सय पर्दो रहेछ। तर हिजोआज भने डिजेल सञ्चालित सानो आकारको आधुनिक रेल पनि चल्न थालेछ।

'अङ्ग्रेज शासकहरूले कलकत्ताको गर्मीबाट त्राण पाउन उष्णकालीन र राजधानी दार्जिलिङलाई बनाएका थिए रे ! त्यसै भएर उनीहरूले सामान र मानिसहरू ओसार्न सन् १८८१ मा कलकत्तादेखि दार्जिलिङसम्म टोयट्रेन सञ्चालन गरेका रे ! 'दार्जिलिङ हिमालयन रेलवे' को नामले प्रसिद्ध उक्त टोयट्रेनको पहिलो इन्जिन अहिले पनि घुम पहाडस्थित घुम रेलवे म्युजियममा सुरक्षित छ रे ! सर्वोच्चस्थानमा चल्ने यो रेलवे लाइनलाई सन् १९९९ देखि विश्वसम्पदा सूचिमा राखिएको छ रे !' – बुझक्कडहरूका आवाजहरू सुन्दै थिएँ म।

अवरोध विनाको मोटर, बाटोमै लमतन्न सुतेको रेलवे लिक, त्यस लिकमा धुवाँ फाल्दै घर्किंदै गरेको रेल र बाटोको छेउमा बनेका होचा र साँघुरा रेलवे स्टेशन देखेर म छक्क पर्दै थिएँ, हाम्रा जीपहरू दार्जिलिङ सहरमा प्रवेश गरिसकेछन्। जीप चालकहरूले हामीलाई गोर्खा दुःख निवारण सम्मेलनको भवन अगाडि लगेर ओरालिदिए र भन्न थाले– 'यहाँ गाडी रोकिराख्न मिल्दैन, ओर्लिहाल्नुस् र कार्यक्रम सकिएपछि जीप स्टेशनमा आउनुस्।'

हामीले कार्यक्रमका लागि अत्यावश्यक चिजहरू साथैमा राखेका थियौँ तर छतमा राखिएका पत्रपत्रिका र पुस्तकहरू कसैले निकाल्न भ्यायौँ, कसैले भ्याएनौँ। जीपहरूले बाटो तताइहाले।

समय दिनको बाह्र बजेको थियो। आयोजकहरूले हामीलाई सरासर हलमा पुऱ्याए र कार्यक्रम सुरु गरे। कार्यक्रम कुन बेला सकिने हो र खाना खाने हो ! सोचेर हामी हैरान भयौँ। आयोजकको सोचाइमा हामीले खाना खाइसकेका छौँ कि आयोजकको तर्फबाट खाना खुवाइन्छ ? अन्यौलमा थियौँ हामी।

सभापति– प्रेम प्रधान, प्रमुख अतिथि– महेन्द्र गुरुङ, विशेष अतिथि – मनप्रसाद सुब्बा, सम्मानित व्यक्तित्व– नन्द हाङखिम। रोचक घिमिरे, मातृका पोखरेल, जलेश्वरी श्रेष्ठ, गोपीचन्द्र प्रधान, प्रमिता गुरुङ र वीणा हाङखिम अतिथि।

कार्यक्रम सञ्चालन गरिन् सविता सङ्कल्पले। उनको भाषाले मलाई दिग्भ्रमित पाऱ्यो। सिक्किमेलीहरूको त्यस्तो प्रष्ट भाषा, दार्जिलिङेको किन यस्तो ? भन्दै थिइन्– 'खेल मैदानमा ल्याएर छोडिदिनु भएका छन् मलाई, म तातो तावामा हालेको जिउँदो माछाजस्तो भएको छु। यदपि मोलाई बोल्न आउँदैन, तथापि नेपालबाट आउनुभएका सदेय साहित्यकार दोजु तथा दिदीहरूलाई दोजिङको यस जग्गामा म स्वागत गर्दछु। जति गर्नुपर्ने सम्वर्द्धना हामी गर्न सक्दौँन, जे गर्न सकिन्छ, टोकसो नमानी स्वीकार्नु होला। हाम्रो यो सङ्गति निरन्तर रहिरहने छ' ............इत्यादि। लगत्तै प्रमिता गुरुङले वन्दना गीत गाइन् – 'वक्रतुण्ड महाकाय......' र 'या कुन्देन्दुतुषारहार ......' गल्ती नै गल्ती।

(क्रमशः)

## कविता मेरो सवारी



● प्रेम ओली (ढकलपुरे)

मेरो सवारी होस् त यस्तो होस
महाराजाधिराजाको जस्तो होस
गाडी घोडा मान्छे जहाँको त्यही ठप्प हौन
यो देखेर बिदेशीपाहुनापनि छक्क हौन
गाडीका यात्रुले घन्टौ कुरुन
मान्छेले मेरो सवारी पेटिबाट हैन
घरका छतछतबाट नै हेरोन
सुतकेरिको ब्यथालागेको भएपनि सडकमै छटपटाइ रहोन
मर्न लागेको बिरामीभएपनियम्बुलेन्समै दाँत किटकिटाइ रहोन
मेरो सवारी यस्तो होस, बादशाहको जस्तो होस।

हिड्दा हिड्दैको मान्छे जहाँको तही टक्क अडियोस
आउँदाआउँदैको गाडी जताबाट आको हो उतै फर्कियोस
कसैको पिलेन छुटोस कसैको प्राणै छुटोस
स्कूलजाने बिद्यार्थी ढिला हुँदाशिक्षकले किन न कुटोस
गाडीहरूको एक किलोमिटर लामलागोस
शहरमाजताकतै जामलागोस
मलाई अरु देशको राष्ट्र प्रमुखले जस्तो गर्नु छैन
उनिहरूले जस्तो साइकल, बस चड्नु छैन
मलाई त राजामहाराजाको जस्तो शान चाहिन्छ
अगाडि पछाडि साइरन बजाउने बहान चाहिन्छ
फेरी यस्तो मान युरोप अमेरिका तिर कहाँपाईन्छ ?
पाईन्छ त यो, हाम्रै देशमामात्रपाईन्छ।

यो सँस्कारलाई त हजारौ बर्षसम्मबचाउनु पर्छ
प्रियजनता, यसलाई सास्तीठान्नु भएन
यस्तो कुरा त मजाले पचाउनु पर्छ
यस्तो सँस्कारलाई त हजारौ बर्षसम्मबचाउनु पर्छ।

## अम्बाको पातका गुण



नेपालमा अम्बा सर्वसुलभ रूपमा पाइने फल हो। नेपालका प्रायः ठाउँमा यसको उत्पादन हुन्छ। तर मानिसले यसको फलमात्र प्रयोग गर्दछन्। अचम्मको विषय त यो छ कि अम्बाको पात फलभन्दा पनि बढी उपयोगी हुन्छ। अम्बाको पातमा दर्जनौं रोग निको पार्न सक्ने औषधीय गुण हुन्छ। यी हुन्, अम्बाको पातका फाइदा :

अम्बाको पात खाँदा मुखको छालालाई स्वस्थ र सुरक्षित राख्ने काम गर्दछ।

तपाईं डन्डिफोरको समस्याबाट आजित हुनुहुन्छ भने अम्बाको पात पिसेर दल्न सक्नुहुनेछ। किनकि, अम्बाको पातमा डन्डिफोरलाई समेत निको पार्ने शक्ति हुन्छ। यदि तपाईंमा मोटोपनको समस्या छ भने पनि अम्बाको पात प्रयोग गर्दा हुन्छ। अम्बाका पातले तौल घटाउने काम गर्छ।

अम्बाको पात पानीमा उमालेर पिएमा कलेजोलाई निकै फाइदा गर्छ। यसले कलेजो सफा गर्ने काम गर्दछ। अम्बाको पातको सुपले पाचन प्रणालीलाई पनि व्यवस्थित राख्ने काम गर्दछ। अम्बाको पातले छालादेखि कपालसम्मलाई फाइदा पुऱ्याउँछ। यसले कपालको विकासमा सहयोग पुऱ्याउँछ। यदि तपाईं कपाललाई लामो बनाउन वा छिटो हुर्काउन चाहनुहन्छ भने पनि अम्बाको पात उपयोगी हुन सक्छ। अम्बाको पात पिसेर शरीरका विभिन्न जोर्नीमा लगाएमा जोर्नी दुख्ने, सुन्निने लगायतका समस्या समाधान गर्छ। यसले दाँत, घाँटीको दुखाइलाई पनि निको पार्दछ।

## २०७८ सालको वार्षिक राशिफल

नयाँ वर्ष वि.सं. २०७८ आउन अझै एक महिना बाँकी छ। सामाजिक सञ्जालहरूमा नयाँ वर्ष विं.सं. २०७८ सालको वार्षिक राशिफल आउन थालिसकेका छन्। २०७७ साल अधिकांशको लागि अविशाप व्यहोर्न परेको हुनाले आउने नयाँ वर्ष २०७८ ले सुख शान्ति देला कि भनेर आमसर्वसाधारण आशावादी रहेको अवस्था छ। यसै सन्दर्भमा राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमै सिद्ध भविष्यवाणी गरी ज्योतिषीय फलादेशको फाँटमा राम्रो दख्खल राख्नसफल भएका ज्यो. दीपक सुवेदीले फोरकास्ट टेलिभिजन युट्युब च्यानलमा अभिव्यक्त वार्षिक राशिफल यहाँको लागि प्रस्तुत गरिएको छ।

आशा छ राशिफल हेरेर आवश्यक जानकारी लिएर लाभ उठाउन सक्नु हुनेछ। ज्यो. सुवेदीले सो फोरकास्ट टेलिभिजन युट्युब च्यानलमा राशिफलको साथमा ज्योतिष विज्ञान, आयुर्वेद अथवा आरोग्य विज्ञान, धर्म अध्यात्म एवं योगदर्शनसँग सम्बन्धित विभिन्न खालका जनहितकारी सामाग्रीहरू राख्ने गरेको पाइन्छ। उहाँले गतसाल वार्षिक भविष्यफल बताउँदै २०७७ मा राजनीतिक उथलपुथल हुने र देशमा संवैधानिक संकट आउने बताउनु भएको थियो। नभन्दै देशले उहाँले भनेजस्तै झमेला तथा समस्या व्यहोर्न परिरहेको छ।

राजा विरेन्द्रको मृत्युदेखि लिएर पछिल्लो समयसम्ममा विभिन्न खालका राजनीतिक भविष्यवाणी गर्दै आउनु भएका ज्यो. सुवेदीले गरेका भविष्यवाणीहरू प्राय सबै मिल्ने गरेको सञ्चारक्षेत्रलाई जानकारी रहेको छ। ज्योतिषीय विषयमा एवं भविष्यवाणी लगायत संबन्धित पक्षमा रूचि राख्ने व्यक्तिले सुवेदीको ज्योतिषीय अभिव्यक्तिलाई पछ्याउनु उपयुक्त हुने देखिन्छ।

सुवेदीका फलादेश सुन्दा झ्याप्पै पत्याउन कठिन हुने जस्तो लागे पनि परिणाम उहाँको विश्लेषण मुताबिक नै आउने गरेको पाइएको छ। उदाहरणको रूपमा उहाँले नेपालको राजनीतिको बारेमा भन्ने गरेका भविष्यवाणीलाई लिन सकिन्छ। यस्तै कारणले गर्दा नयाँ वर्ष २०७८ को सन्दर्भको वार्षिक राशिफल लिने क्रममा पनि हामीले ज्यो. दीपक सुवेदीको राशिफललाई लिएका छौं। पाठक एवं दर्शक र श्रोता वृन्दले हेरेर बाँकी मुल्याङ्कन गर्नुहोला।

# विश्वबैंकमा पनि जारी छ अमेरिकी हस्तक्षेप



विष्णु भट्टराई

पश्चिमी विकसित देशहरू प्रजातन्त्रप्रतिको आफ्नो प्रतिबद्धता देहोऱ्याएर कहिल्यै थाक्दैनन् । तर, पश्चिमी विकसित देशहरूले विश्वका सबभन्दा महत्वपूर्ण वित्तीय संस्थाहरू विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषका अध्यक्षहरूको निर्वाचन यति धेरै अप्रजातान्त्रिक तरिकाबाट किन गरिन्छ ? भन्ने प्रश्नको जवाफ चित्तबुझ्दो तवरले अहिलेसम्म दिन सकेका छैनन् ।

विश्व बैंकका सदस्यहरूको संख्या १८४ रहेको छ । जबकि मात्र आठ धनी देशहरूसँग अध्यक्ष निर्णय गर्ने प्रक्रियामा ६० प्रतिशत मत सुरक्षित राखिएको छ । विश्व बैंकका अध्यक्ष हमेशा अमेरिकाद्वारा मनोनित गरिन्छन् । अन्तर्राष्ट्रिय मुद्राकोषको उच्चतम पद युरोपका लागि सुरक्षित रहेको छ ।

विश्वका कुनै अन्य क्षेत्रका उम्मेदवार चाहे जति नै योग्य किन नहुन् यी पदहरूका तावेदार कहिल्यै मानिँदैनन् । यस प्रकारले विश्व बैंकको निर्णय प्रक्रिया र अध्यक्षको चुनावको पद्धति सधैं अलोकतान्त्रिक नै रहेको छ । सबभन्दा बढी भोट अमेरिकासँग रहेको छ र निर्णय प्रक्रियामा निरन्तर हावी हुँदै आएको छ । कति विचित्रको कुरा छ - १८४ सदस्य देशहरूको अन्तर्राष्ट्रिय संस्थाको बारेमा अमेरिकी राष्ट्रपतिसँग यति अपेक्षा त गरिन्छ कि उनले आफूले इच्छाएको अध्यक्ष मनोनित गर्ने समयमा विश्वका अन्य देशहरू खासगरी विकासशील देशहरू, गरिबी हटाउने प्रयासमा लागेका संस्था र संघ संगठनहरू तथा आममानिसहरूको भावनालाई ध्यानमा राख्नेछन् ।

तर विश्वका अनेक प्रतिष्ठित मञ्चहरूबाट बारम्बार आवाज उठिरहेको छ- अमेरिकी राष्ट्रपतिले विश्व बैंकका अध्यक्षको चुनाव गर्दा जनभावनालाई पूर्ण अवहेलना गरेका छन् । पहिले राष्ट्रपतिले संयुक्त राष्ट्रमा अमेरिकाको मुख्य प्रतिनिधि या राजदुतका रूपमा जान वाल्टनलाई नियुक्त गरेका थिए । वाल्टन संयुक्त राष्ट्रसंघका कटु आलोचक मानिन्छन् । अमेरिकाको एकतर्फी बर्चश्व जनाउने कारबाहीका समर्थक रहँदै आएका छन् । यसकारण जब उनको नियुक्ति संयुक्त राष्ट्रसंघमा अमेरिकी राजदुतको रूपमा भयो तब एक विख्यात कार्टुनिष्टले उनी टंकमा बसेर राष्ट्रसंघ गइरहेको देखाए । विश्व बैंकको अध्यक्ष पदका लागि अमेरिकी राष्ट्रपतिले पाल गुल्फीविट्जलाई मनोनित गरेको प्रक्रिया अप्रजातान्त्रिक मानिन्छ । उनको छवि त जान वाल्टेनको भन्दा पनि धेरै आक्रमक रहेको छ । उनी इराकमाथि अमेरिकाले गरेको हमलाको एक प्रमुख सूत्रधार मानिन्छन् । अध्यक्ष नियुक्त हुँदासम्म उनी अमरिकाको रक्षा मन्त्रालयका उपमन्त्री पदमा आसीन थिए ।

अमेरिकी प्रशासनको शुरूका दिनहरूदेखि नै वुल्फोविट्ज आक्रमण नीतिका पक्षधर रहँदै आएका थिए । अमेरिकी प्रशासनमा जुन नवअनुदारवादीहरूलाई आक्रामक नीतिहरूको मुख्य निर्धारक मानिन्छ, यसमा वुल्फोविट्जको भूमिका अग्रणी रहेको छ । इराकमाथि हमला त धेरै पछि भएको थियो । वुल्फोविट्जले त राष्ट्रपतिको प्रथम कार्यकालको आरम्भिक दिनहरूदेखि नै इराकमाथि जबर्जस्ती आक्रमणको जबर्जस्त वकालत सुरू गरिसकेका थिए । उनको योजना दया थियो कि अमेरिकाले इराकमाथि एकतर्फी हमला गरेर इराकका तेल क्षेत्रहरूमाथि कब्जा जमाउनुपर्दछ र यस्तो स्थितिमा इराकी जनताले सद्दाम हुसनेका विरूद्ध आवाज उठाउनेछन् । वास्तवमा उनी नवअनुदारवादीहरूको सोचको प्रतिनिधि पात्र हुन् । २१ औं शताब्दीमा अमेरिकी आधिपत्य कायम गर्नका लागि अमेरिकाको रक्षा बजेट बढाउनुपर्छ र एकतर्फी आक्रमक कारबाहीलाई रोक्नुनहुने नवअनुदारवादीहरूको विचार राख्दै आएका छन् । बुल्फोविट्जको यही छविका कारण विश्वभरबाट उनलाई अध्यक्ष बनाउने अमेरिकी राष्ट्रपतिको निर्णयको विरोध भएको थियो । युरोपमा आर्थिक सहायता दिने १३०० संस्थारूले वुल्फोविट्जलाई अध्यक्ष पदमा चुनिएकोप्रति चिन्ता व्यक्त गरे ।

न्युयोर्क टाइम्सले त यहाँसम्म लेखिदियो कि वुल्फोविट्जको चुनाव अन्तर्राष्ट्रिय समुदायको मुखमा थप्पड हान्नु जस्तै हो । आजब्बरले लेखेका छन्- वुल्फोविट्ज नकारात्मक र अनुदारवादी सोच लिएर आएमा आर्थिक सहायताको अवधारणा खतरामा पर्न सक्छ । वास्तविक के छ भने वुल्फोविट्ज विश्व बैंकमा आउनुअघि नै विश्व बैंकद्वारा दिइने आर्थिक सहायताका बारमो तरहतरहका सवालहरू उठ्ने गरेका छन् । विश्व बैंकले प्रतिवर्ष विभिन्न विकास कार्यका लागि विश्वस्तरमा २० अर्ब डलर ऋण दिने गर्दछ ।





विश्व बैंकबाट दिइने सहायताका बारेमा पनि अर्कै टिप्पणी गर्ने गरिएको छ । विश्व बैंकले प्रदान गर्ने ऋण प्राय: केही धनी विकसित देशहरूबाट महंगा सामान र सेवाहरू खरिद गर्ने सवालसँग प्रत्यक्ष र अप्रत्यक्षरूपले सम्बन्धित रहेको छ । अथवा यी देशहरूले बहुराष्ट्रिय कम्पनीको विकासशील देशहरूमा तेज प्रसारका लागि सहायता दिने गरिन्छ । अमेरिकाजस्तो देशमा यस्ता सरकारी दस्तावेज उपलब्ध छन् जसमा भनिएको छ- यी लक्ष्यहरूलाई ध्यानमा राखेर नै अमेरिकाले विश्व बैंकमा आफ्नो महत्वपूर्ण वित्तीय योगदान दिने गर्दछ । विश्व बैंकको उपयोग प्राय: विकासशील देशहरूका त्यस्ता सरकारहरूको स्थिति मजबुत गर्नका लागि दिइन्छ जो विकसित औद्योगिक देशहरू (विशेष गरेर अमेरिका)को आर्थिक हित अथवा अमेरिकी कम्पनीहरूलाई खुला छुट दिइरहेका छन् । तानाशाह र मानवअधिकार उल्लंघन गर्ने सरकारलाई पनि विश्व बैंकका तर्फबाट भरमग्दुर सहायता प्राप्त हुने गरेको छ ।

हालको समयमा विश्व बैंकले आफ्नो छविलाई सच्याउने कैयौं प्रयासहरू गऱ्यो । यसले गरिबी हटाउने पर्यावरणको रक्षा गर्न गम्भीर रहेका जस्ता कुराहरू सिद्ध गर्न पनि खोज्यो तर यो वास्तविक परिवर्तन नभएर सतही परिवर्तन मात्र हो । वुल्फोविट्ज आगमनले विश्व बैंकले आफ्नो छवि सुधार गर्ने जुन सतही सुधारको प्रयास अघि बढाएको थियो त्यो पनि पछि हट्ने सर्वत्र चिन्ता व्यक्त गरिंदैछ । अब विश्व बैंक धेरै आक्रमक ढंगले अमेरिकी विदेशी नीति आर्थिक हितको प्राप्तिका लागि बढी आक्रमक भएर अगाडि आउनेछ । जुन देशहरूविरूद्ध अमेरिकाले कारबाही गर्नेछ वा गर्ने लिष्ट बनाएको छ ती देशहरू पनि सम्भवत: विश्व बैंकले कडा रूप अख्तियार गर्ने छ । यही कारण कुनै पनि विकासशील राष्ट्रहरूका लागि आर्थिक कठिनाइ निकै बढ्ने संकेत देखिन्छ । वुल्फोविट्जको विश्व बैंकमा आगमन यस्तो समयमा भएको छ विश्व बैंकमै भ्रष्टाचार व्याप्त भएको आरोप अगाडि आइरहेको छ ।




विश्व बैंक दुनियाँलाई भ्रष्टाचार हटाउने पाठ पढाइरहन्छ । यसैले विश्व बैंकलाई लाज लाग्नुपर्ने हो जहाँ आफूभित्रै भ्रष्टाचार भएको समाचार बाहिर आइरहेको छ । पहिलेदेखि नै भनिँदै थियो कि विश्व बैंकका अधिकारीहरूलाई धेरै तलव दिएर उनीहरूको क्षमताको उचित उपयोग गरिँदैन र महंगा-महंगा परामर्शदाता राख्ने गरिन्छ । विश्व बैंकले नोकरशाही र परामर्शदाताहरूको बोझ पनि ऋणग्रस्त विकासशील देशहरूमाथि लाद्ने गरिन्छ पनि भनिन्छ । विश्व बैंकका अधिकारीहरूको आर्थिक आकर्षक तलव भएका कारण विकासशील देशहरूका थुप्रै अधिकारीहरू पनि विश्व बैंकको जागिरका निमित्त लालायित देखिन्छन् । यही कारण विश्व बैंकको अनुकूल नीतिहरू अपनाएर आफ्नो देशमा जोडतोड गर्न तयार हुने गर्छन् । विश्व बैंक वास्तविकरूपमा महाशक्ति राष्ट्र अमेरिकाको इशारामा नै चल्ने गरेको छ । अमेरिकाले आफूखुशी अध्यक्ष नियुक्त गरेर उनीमार्फत् विकासशील देशहरूमाथि आफ्नो प्रभाव बढाउने निरन्तर कोसिस गरिरहेको छ । विश्वस्तरमा देखिएको गरिबीलाई हटाएर समृद्ध संसार बनाउने महान अभियानमा अमेरिका वाधक बनेकैले विश्व बैंक विवादको घेरामा फस्ने गरेको छ । विश्व बैंकको नीति र कर्जा प्रवाह प्रणालीसमेतको सर्वथा आलोचना हुने गरेको छ



## हङकङमा नयाँ चुनावी कानुन

हङकङ । चीनले हङकङमाथि आफ्नो नियन्त्रण कायम राख्न चुनावसम्बन्धी कानुनमा व्यापक हेरफेर गरेको छ । नयाँ कानुनमा हङकङको एसेम्ब्लीमा प्रत्यक्ष रूपमा निर्वाचित सांसदको संख्या लगभग आधा घटाइएको छ । त्यसका साथै सांसदहरूलाई बेइजिङप्रति बफादार बनाउन उम्मेदवारी दिनुअघि एउटा परीक्षण समितिले अनुमोदन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

आलोचकहरूले नयाँ कानुनले हङकङमा स्वतन्त्रताको अन्त्य हुने र संसद्मा विपक्षीको उपस्थिति नहुने चेतावनी दिएका छन् । तर हङकङकी नेतृ क्यारी लामले 'समितिले राजनीतिक आस्थाका आधारमा उम्मेदवारहरू चयन नगर्ने तर गैरदेशभक्तलाई चुनावी प्रतिस्पर्धाबाट रोक्ने' दाबी गरेकी छन् । हङकङप्रति निष्ठावान्, आधारभूत कानुनको पालना गरेको तथा राष्ट्रिय सुरक्षा परीक्षण पास गर्ने जोसुकै पनि उम्मेदवार हुन सक्ने लामको भनाइ छ ।

नयाँ नियमअनुसार अब हङकङको संसद्मा २० जना सांसद मात्र प्रत्यक्ष रूपमा निर्वाचित हुनेछन् । यसअघि त्यस्ता सांसदको संख्या ३५ थियो । त्यसका साथै संसद् सदस्यको संख्या ७० बाट ९० पुऱ्याइएको छ । हङकङमा आगामी डिसेम्बरमा यो नियमअनुसार पहिलो पटक चुनाव हुनेछ । चिनियाँ सरकारी सञ्चारमाध्यमहरूले उक्त कानुन चीनको नेसनल पिपुल्स कंग्रेस (एनपीसी) ले मंगलबार सर्वसम्मतले पारित गरेको जनाएका छन् । योसँगै उक्त व्यवस्था अब हङकङको संविधानमा उल्लेख गरिनेछ । हङकङका विपक्षी नेताहरूले 'बेइजिङप्रति बफादारबाहेक अन्य राजनीतिज्ञलाई संसद्मा पस्न नदिने योजनाका साथ चुनावी नियममा परिवर्तन गरिएको' जनाएका छन् । 'यो नयाँ प्रणाली अपमानजनक र दमनकारी छ,' लोकतन्त्रवादी पूर्वसांसद एमिली लउले भनिन् । अब फेरि हङकङका सडकमा राजनीतिक आन्दोलन चर्कने उनको भनाइ छ । 'अधिकांश मानिसहरू भित्रैदेखि रुष्ट छन्, हाललाई सामान्य झड्का दिएको लागे पनि यो ठूलो विद्रोहमा परिणत हुन्छ,' एमिलीले भनिन् ।

'लोकतान्त्रिक मानिएको प्रणालीमा चुनावी प्रतिस्पर्धामा उत्रने व्यक्तिबारे निर्णय गर्ने अधिकार सुरक्षाकर्मीलाई दिइनु अर्थपूर्ण हुने देखिँदैन,' नेसनल युनिभर्सिटी अफ सिंगापुरका सहप्राध्यापक चोङ जा इयानले भने ।

यूकेसँग गरेको 'एक देश, दुई प्रणाली' सम्बन्धी सहमति उल्लंघन गर्दै चीनले विपक्षीहरूलाई दबाउने रणनीति लिएको आलोचकहरूको भनाइ छ । यूकेबाट स्वतन्त्र हुँदाका बेला गरिएको सहमतिमा हङकङले आफ्नै कानुनी व्यवस्था जारी राख्न तथा वाक् तथा प्रेस स्वतन्त्रतासहितका अधिकारहरू उपभोग गर्न पाइने व्यवस्था रहेको थियो ।

## बंगलादेशमा मोदीको विरोध

ढाका । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको बंगलादेश भ्रमणको विरोध गर्दै राजधानी ढाकालगायत स्थनमा हिंसात्मक झडपहरू भए । स्थानीय सञ्चारमाध्यमका अनुसार शुक्रबार, शनिबार र आइतबार भएका झडपमा कम्तीमा १३ जनाको ज्यान गएको छ । झडपमा ३५ प्रहरीसहित ५५ जना घाइते भएका जनाइएको छ । तीमध्ये केही पत्रकारसमेत छन् ।

बंगलादेशको ५० औं स्वतन्त्रता दिवसका पाहुनाका रूपमा मोदी ढाका पुगेका थिए । मोदी आफ्नो भ्रमण पूरा गरेर स्वदेश फर्किसकेको भए पनि त्यसको झड्का भने बंगलादेशमा कायमै देखिन्छ । मोदीले भारतमा मुस्लिम समुदायप्रति विभेदकारी नीति अवलम्बन गरेको तथा सामुदयिक हिंसा मच्चाएको आरोप लगाउँदै बंगलादेशमा उनको व्यापक विरोध गरिएको हो ।

मोदीको विरोधमा गरिएको प्रदर्शनको नेतृत्व धार्मिक कट्टरवादी समूह हिफाजत-ए-इस्लामले गरेको हो । स्थानीय प्रहरी अधिकारीलाई उद्धृत गर्दै समाचार संस्था एएफपीले त्यस्ता विरोध प्रदर्शनमा ३ हजारभन्दा बढी सहभागी भएको उल्लेख गरेको छ । त्यसका साथै विद्यार्थी, वामपन्थीलगायत पनि मोदीको



विरोधमा गरिएका प्रदर्शनमा सहभागी भएका थिए । देशव्यापी सञ्जाल रहेको समूहले यसअघि बंगलादेश सरकारले ल्याएको ईश्वरनिन्दासम्बन्धी कानुनको विरोधमा व्यापक प्रदर्शन गरेको थियो ।

बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाले भारतीय समकक्षी मोदीको प्रशंसा गर्दै गरिबी निवारणका लागि आफ्नो दशक लामो योजनाका प्रमुख सहयोगी भएको बताउने गरेकी छन् । 'यदि हामीले हातमा हात मिलायौं भने हाम्रा जनताको विकास निश्चित छ,' उनको भनाइ छ । तर बंगलादेशी र मुस्लिम आप्रवासीलाई भारतबाट लखेट्ने नीतिअनुसार मोदी सरकारले नयाँ कानुनहरू ल्याएको हिफाजत-ए-इस्लाम लगायतका समूहको आरोप छ । राष्ट्रिय नागरिकता रजिस्टर (एनआरसी) र नागरिक संशोधन विधेयक (सीएए) अल्पसंख्यक भारतीय मुस्लिमविरुद्ध विभेदकारी रहेको मुस्लिम संगठनहरूको आरोप छ ।

यी सबै पृष्ठभूमिमा भारतीय प्रधानमन्त्री मोदीलाई अतिथिका रूपमा बोलाउनु गलत निर्णय भएको कतिपयको भनाइ छ । 'मोदीलाई स्वतन्त्रता समारोहमा निम्ता गर्नु उत्तम विकल्प होइन,' ढाका विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक डा. इम्तियाज अहमदले भने । टिस्टा नदीको पानी बाँडफाँटसम्बन्धी विवाद तथा सीमा क्षेत्रमा बंगलादेशी मारिएका घटनाले पनि बंगलादेशमा मोदीविरुद्ध आन्दोलन चर्केको उनको विश्लेषण छ । बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाको कार्यशैली र बढ्दो अलोकप्रियताका कारण पनि प्रदर्शन चर्केको राजनीतिक विश्लेषक जिया हसनको बुझाइ छ ।

मोदीको यस पटकको बंगलादेश भ्रमण मुख्यत: स्वतन्त्रता दिवसमा केन्द्रित भए पनि यसको भारतमा भने राजनीतिक अर्थ देखिन्छ । खासगरी बंगलादेशसँग सीमा जोडिएको पश्चिम बंगालसहित केही राज्यमा शनिबारदेखि सुरु भएको चुनावमा यसले अर्थ राख्ने देखिन्छ । भ्रमण पूरा गरेसँगै मोदीले ट्वीट गर्दै 'आफ्नो भ्रमणका क्रममा बंगलादेशका नागरिकले देखाएको स्नेहका लागि धन्यवाद' समेत दिए । उनले दुई देशबीचको सम्बन्ध थप मजबुत र सुमधुर हुने उल्लेख गरे पनि भ्रमणका क्रममा भएका हिंसात्मक झडपबारे केही उल्लेख गरेनन् ।

प्रेरक

## समस्यासित जुध



एकपटक नरेन्द्र नामका एक बालक वनारसको दुर्गा मन्दिरबाट निस्किरहेका थिए। माता दुर्गाको दर्शनपछि शान्त मनले बाहिर निस्किँदै गरेका ती बालकलाई अचानक बाँदरको समूहले घेर्‍यो। बालकको हातमा प्रसाद थियो। बाँदर उनको हातबाट प्रसाद खोस्न चाहन्थे।

बाँदरको समूह आफूतिर आउँदै गरेको देखेपछि बालक निकै डराए। उनी आत्तिएर थरथर काम्न थाले। उनी बाँदरबाट आफूलाई बचाउने उपायबारे सोच्न थाले। तर, कुनै उपाय नदेखेपछि उनी बाँदरलाई छलेर भाग्न थाले। तर, ती बाँदरले उनलाई पछ्याउन छाडेनन्। उनी बाँदरको डरले दायाँबायाँ कतै नहेरी दौडिए।

यो सबै दृश्य नजिकै रहेका एक वृद्ध संन्यासीले देखिरहेका थिए। उनले बालकलाई सम्बोधन गर्दै भने- ए बालक, तिमी बाँदरबाट डराएर कता भाग्दै छौ ? डराउन छाड र निडर भई बाँदरको सामना गर। यसरी डराएर भाग्दैमा समस्याको समाधान निस्किँदैन। समस्याको त सामना गर्नुपर्छ। त्यसैले तिमी पनि समस्यबाट नभाग, फर्किएर सामना गर। वृद्ध संन्यासीको आवाज सुनेपछि ज्यान बचाउन भागिरहेका बालक अचानक रोकिएर बाँदरतिर फर्किए अनि बिस्तारै पाइला अघि बढाए।

बालक नरेन्द्र रोकिएपछि अचम्मै भयो। एकाएक उनी रोकिएपछि उनलाई झम्टिँदै पछि लागिरहेका बाँदर पनि रोकिए। एकैछिन नरेन्द्रलाई हेरेर ती बाँदर आफ्नो बाटो लागे। बाँदर बाटो लागेपछि बालक दंग परे। ती बालक पछि गएर स्वामी विवेकानन्दका रूपमा विख्यात भए। उनलाई समस्यासित जुध्न र समस्याबाट नभाग्न प्रेरित गर्ने संन्यासी थिए, उनकै गुरु स्वामी रामकृष्ण परमहंस।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

प्रतीक्षित नतिजा कमजोर देखिनाले उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला। कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। स्वास्थ्य र अर्थका हिसाबले पनि दिन कमजोर रहनेछ। केही अप्ठ्यारा परिस्थितिसँग सम्झौता हुन सक्छ। तत्काल लाभ नभए पनि पछिका लागि काम गर्ने समय छ। शुभचिन्तकहरूले साथ दिनेछन्, गोपनीयतामा ध्यान पुर्‍याउनुहोला।

### वृष

माहोल रमाइलो रहनेछ तर आलस्य बढ्नाले लक्ष्यमा पुग्न समस्या पर्नेछ। मिहिनेत गर्दा व्यापारमा लाभ लिने समय छ। व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्छ। विभिन्न भौतिक साधन प्राप्त हुनेछन्। प्रियभेट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त होला। गृहस्थी यात्रा रमाइलो रहनेछ। आफन्तहरूले नयाँ आशा जगाउनेछन्। वादविवादबाट टाढा रहने प्रयत्न गर्नुहोला।

### मिथुन

अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीहरूसँग जुध्नुपर्नेछ। प्रगतिमा ईर्ष्या गर्नेहरूले दुःख दिनेछन्। व्याहारिक समस्याले योजना रोकिन सक्छ। कामको चाप बढ्नेछ भने स्वास्थ्यले त्यति साथ नदिन सक्छ। मिहिनेतको नतिजा चित्तबुझ्दो नआउन सक्छ। तापनि चुनौती पन्छाएर काम बनाउन सकिनेछ। प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले अग्रता दिलाउन सक्छ।

### कर्कट

श्रम परे पनि तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ। बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ। आम्दानीका स्रोत बढ्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। अध्ययनमा प्रगति हुनुका साथै ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ। बौद्धिक अभिव्यक्तिको प्रभाव बढ्नेछ। सुखद् समाचारले उत्साह जगाउनेछ।

### सिंह

परिस्थितिअनुसार निर्णय लिन नसक्दा काम दोहोर्‍याउनुपर्नेछ। महत्त्वाकांक्षी योजना कार्यान्वयनमा आफ्नैले बाधा पुर्‍याउनेछन्। हिस्सेदारसँग असमझदारी बढ्नाले सम्झौता भंग हुन सक्छ। बेसुरमा दिइएको वचनले समस्या निम्त्याउनेछ। महत्त्वपूर्ण योजना तत्काल सार्वजनिक नगर्नुहोला। अनावश्यक साइनो गाँसी नजिकिनेहरूसँग सावधान रहनुहोला। स्वयं नजुट्दा काम बिग्रनेछ।

### कन्या

रचनात्मक काममा जुट्ने समय छ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। सहयोगीहरूले त्यति साथ नदिए पनि काम सम्पादन हुनेछ। उद्योग र व्यापारमा सामान्य फाइदा हुनेछ। गरिएका कर्मको प्रतिफल पाइनेछ। तर, परिस्थितिले सोचेभन्दा फरक मोड लिन सक्छ। सञ्चित रकम खर्चनुपर्ला। व्यापारतर्फ हिसाबकिताबमा होसियार रहनुहोला। बेलामा होस नपुर्‍याउँदा दुःख पाइनेछ।

### तुला

सामान्य आम्दानी भए पनि काम पूर्ण सम्पादन नहुन सक्छ। आफ्ना कमजोरीबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। आत्मविश्वासको कमीले पछि परिनेछ। शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा पनि दुःख पाइनेछ। खर्च हुने डरले सताउन सक्छ। तापनि सम्पादित कामबाट धन लाभ हुनेछ। मिहिनेतले आम्दानीको स्रोत बढ्नेछ भने पछि फाइदा हुने काममा सम्झौता हुन सक्छ।

### वृश्चिक

मेहनत गरीकन चिताएको मूल्य प्राप्त नहुन सक्छ। पहिलेकै काम दोहोर्‍याउनुपर्ने स्थिति आउन सक्छ। अध्ययनमा धेरै समय दिन नसकिएला। तापनि प्रयत्न गर्दा अवसर भने पाइनेछ। साथ दिनेहरू बढ्नेछन्। प्रेम र मित्रताको बन्धन पनि कसिनेछ। पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। परम्परालाई समयसापेक्ष परिवर्तन गर्न सकिनेछ।

### धनु

भैपरी आउने समस्याले खर्च बढाउन सक्छ। सञ्चित रकम अरूका हातमा जानाले अर्थअभाव देखापर्नेछ। परिवारजनबाट टाढिनुपर्ला। अरूलाई समय दिँदा आफू पछि परिनेछ। अर्थअभाव खट्किए पनि आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुटाउन सकिनेछ। विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ। तर अरूका लागि कुनै काम वा विशेष निर्णय गर्नुपर्ने हुन सक्छ।

### मकर

विशेष अवसर पाइनेछ र मिहिनेतले लक्ष्यमा पुर्‍याउनेछ। पछिसम्म फाइदा हुने काम हातलागी हुनेछ। श्रमको उचित मूल्यांकन होला। पढाइमा प्रगति हुनेछ। व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ। दिगो योजना प्रारम्भ गर्ने समय छ। श्रमको उचित मूल्य प्राप्त हुनेछ। सञ्चित धनको उपयोगले लाभ दिलाउनेछ। प्रतीक्षा गरिएको काम बन्नेछ भने उठ्नुपर्ने रकम पनि हातलागी हुनेछ।

### कुम्भ

परिस्थितिअनुसार निर्णय लिन नसक्दा काम दोहोर्‍याउनुपर्ला। नियमित काम सम्पादन भए पनि निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले बेसुरमा काम गर्दा समस्या पर्नेछ। तापनि, बुद्धिको उपयोगले काम सम्पादन हुनेछ। आजको श्रमबाट पछिलाई फाइदा हुनेछ। अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। भविष्यका लागि भने कामको जग बसाउने मौका छ।

### मीन

अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। ठूलो उपलब्धि नभए पनि सम्भावना खोजी गर्ने समय छ। प्रयत्न गर्दा पछिलाई फाइदा हुनेछ। तत्कालै समस्या समाधान नहुन सक्छ। अध्यात्मभाव जागृत हुनाले परोपकारी काममा प्रवृत्त भइनेछ। कमजोरीका बाबजुद काँधमा जिम्मेवारी थपिनेछ। आँटेको काम रोकिनाले दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। स्वास्थ्यका लागि आराम लिनुपर्ने अवस्था रहनेछ।

# समाचार संक्षेप

## सवारी दुर्घटनामा २ जनाको मृत्यु

काठमाडौं। बारा, जितपुरसिमरा-२१ स्थित सडकमा २ वटा मोटरसाइकल आपसमा जुध्दा पर्सा-२ प्रसौनी बस्ने बिनोद राउतको मृत्यु भएको छ। यस्तै ताप्लेजुङ, पाथिभरा याङवरक गाउँपालिका-४ डुम्रिसेस्थित सडकमा टिपरमा सवार लमजुङ दोर्दी गाउँपालिका-६ बस्ने १७ वर्षीय कृष्ण बिकको मृत्यु भएको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। काठमाडौं, महानगरपालिका-१६ म्हैपी डेरा गरी बस्ने चितवन राप्ती नगरपालिका-४ भण्डारा घर भएका २१ वर्षीय खिल चौलागाईं आफ्नै कोठामा मंगलबार मृत अवस्थामा फेला परेका छन्। कपिलवस्तु, बाणगंगा नगरपालिका-३ स्थित सामुदायिक जंगलमा सोही नगरपालिका-३ राजापानी बस्ने २४ वर्षीय कपिल बेलबासे मंगलबार मृत अवस्थामा फेला परेका छन्। सोमबार होली खेल्न भनि निक्लेकोमा फर्की नआएपछि खोजी गर्नेक्रममा उक्त जंगलमा उनको शव फेला परेको हो।

सप्तरी, शम्भुनाथ नगरपालिका-४ सखुवा टोलस्थित न्यू कालीमाँ पंडित इँटा कारखानामा काम गरी बस्ने भारत बिहारका ५५ वर्षीय भुखन पासवान सुतेकै ठाउँमा मंगलबार मृत अवस्थामा फेला परेका छन्। सुर्खेत, वीरेन्द्रनगर नगरपालिका-६ स्थित सडकमा सोही क्षेत्रमा लेबर काम गरी बस्ने सिम्ता गाउँपालिका-९ घर भएका ३९ वर्षीय यम बहादुर राना क्षेत्री मंगलबार मृत अवस्थामा फेला परेका छन्।

## ढिस्को खसेर पुरिंदा मृत्यु

काठमाडौं। कागेश्वरी मनोहरा नगरपालिका-६ मुलपानीस्थित दिपेन्द्र घोरासैनीको घरको जग खन्ने क्रममा ढिस्को खसेर पुरिँदा काठमाडौं मुलपानी बस्ने दोलाखा जिरी नगरपालिका-२ घर भएका २० वर्षीय इन्द्र बहादुर गुभाजुको मंगलबार बिहान मृत्यु भएको छ। ढिस्कोले पुरिएर गम्भीर घाइते भएका उनको शंखरपुर अस्पताल नारायणटारमा उपचारको क्रममा मृत्यु भएको हो। साथै सोही ढिस्कोले पुरिएर घाइते भएका मुलपानी बस्ने उदयपुर घर भएका ३५ वर्षीय धन बहादुर मगरको सोही अस्पतालमा उपचार भईरहेको छ। घरधनि र ठेकदारलाई नियन्त्रणमा लिएर यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## सवारी दुर्घटनामा ३ जनाको मृत्यु

काठमाडौं। दाङ, बबई गाउँपालिका-३ पिसीओ चोकमा मोटरसाइकल दुर्घटना हुँदा सोही गाउँपालिका-५ बस्ने २० वर्षीय गोविन्द पुनको मृत्यु भएको छ। सुनसरी, दुहबी नागरपालिका-१० नहरचोकस्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा चालक सुनसरी गढी गाउँपालिका-२ सखुवारे कलरुवा बस्ने संजय चौधरीको मृत्यु भएको छ। जुम्ला, तिला गाउँपालिका-५ चुलाकोटस्थित सडकमा ट्याक्टरको ठक्करबाट सोही ठाउँ बस्ने नन्द बहादुर बुढाको ६ वर्षीय छोरा अंकुश बुढाको सोमबार दिउँसो घटनास्थलमै मृत्यु भएको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। मोरङ, बेलबारी नगरपालिका-३ स्थित लोहन्द्रा पुल छेउमा हाल नाम, थर, वतन नखुलेका करिब ५५ वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन्।

खोटाङ, बराहपोखरी गाउँपालिका-१ कातिके डाँडाखर्कस्थित राकुरी खोलामा सोही गाउँपालिका-३ साउने चौर बस्ने केशर राईको १४ वर्षीय छोरा रंन्जित राई सोमबार मृत अवस्थामा फेला परेका छन्। चैत ३ गतेदेखि आफ्नै घरबाट हराई बेपत्ता भएका उनको खोजी गर्ने क्रममा उक्त ठाउँमा शव फेला परेको हो। सिन्धुली, दुधौली नगरपालिका-१४ आहालटार बस्ने ७८ वर्षीय थिर मगर सोही नगरपालिका-१४ चालिसेस्थित नहरमा सोमबार मृत अवस्थामा फेला परेका छन्।

## मोटरसाइकलको ठक्करबाट साईकलयात्रीको मृत्यु

नवलपरासी। सुनवल नगरपालिका-१३ बडेरास्थित सडकमा लु.३३ प १५०३ नम्बरको मोटरसाइकलको ठक्करबाट साईकलयात्री रामग्राम नगरपालिका-१८ बन्जरिया बस्ने ३७ वर्षीय रबिन्द्र थारुको आइतबार राति मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका रबिन्द्रको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो। मोटरसाइकलमा सवार २ जना घाइते भएका छन्।

## मृत अवस्थामा फेला

काठमाडौं। वाग्लुङ, वाग्लुङ नगरपालिका-३ देउरालीचोक बस्ने २५ वर्षीय बिनोद श्रेष्ठ आफ्नै घरमा सोमबार मृत अवस्थामा फेला परेका छन्। लमजुङ, राईनास नगरपालिका-७ बगर बस्ने ८० वर्षीया धन श्री गुरुङ आफ्नै कोठामा सोमबार मृत अवस्थामा फेला परेकी छिन्। भोजपुर, भोजपुर नगरपालिका-१२ स्थित पिखुवा हाईड्रोपावरको ड्यामदेखि करिब ७० मिटर तल पिखुवा खोला किनारमा हाल नाम, थर, वतन नखुलेका करिब ३० वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन्।

## सवारी दुर्घटनामा परी मृत्यु

काठमाडौं। काठमाडौं, काठमाडौं महानगरपालिका-२६ नयाँ बसपार्कभित्र बा.ख ४२६६ नम्बरको बसको ठक्करबाट कैलाली टिकापुर घर भएकी २२ वर्षीया राशी रावलको आइतबार दिउँसो मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाईते भएकी उनको शिक्षण अस्पताल काठमाडौंमा उपचारको क्रममा मृत्यु भएको हो। बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

दाङ, लमही नगरपालिका-६ बेल्दमारस्थित सडकमा लु.२ ख १४२८ नम्बरको बसले भे.६ प ८९३७ नम्बरको मोटरसाइकललाई आइतबार बिहान ठक्कर दिँदा मोटरसाइकल चालक भारत बिहार घर भएका २० वर्षीय अबिलेश कुमार सिंहको मृत्यु भएको छ। दुर्घटनाबाट गम्भीर घाईते भएका उनको लमही अस्पताल दाङमा उपचारको क्रममा मृत्यु भएको हो। बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

धनुषा, सबैला नगरपालिका-८ ठिल्लास्थित सडकमा प्रदेश २-०३-००५ प ४२८४ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई विद्युतको पोलमा ठोक्किएर आइतबार बिहान दुर्घटना हुँदा मोटरसाइकल चालक धनुषा शहिदनगर नगरपालिका-८ बिषरभोरा बस्ने ३५ वर्षीय संजिव गुप्ताको मृत्यु भएको छ। दुर्घटनाबाट गम्भीर घाईते भएका उनको उपचारको लागि प्रादेशिक अस्पताल जनकपुर ल्याउनेक्रममा बाटोमै मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार सिरहा जानकीनगर नगरपालिका-७ श्रीपुर बस्ने १९ वर्षीय सत्यनारायण शर्माको सोही अस्पतालमा उपचार भईरहेको छ।

कैलाली, कैलारी गाउँपालिका-५ पवेरा बजारस्थित सडकमा से.३ प २२५२ नम्बरको मोटरसाइल र से.३ प ७४५१ नम्बरको मोटरसाइकल आपसमा ठक्कर खाई आइतबार बेलुका दुर्घटना हुँदा से.३ प २२५२ नम्बरको मोटरसाइकल चालक भजनि नगरपालिका-८ बस्ने ३० वर्षीय कोमल चौधरीको मृत्यु भएको छ। दुर्घटनाबाट गम्भीर घाईते भएका उनको सेती प्रादेशीक अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा परी घाईते भएका से.३ प ७४५१ नम्बरको मोटरसाइकलका चालक र से.३ प २२५२ नम्बरको मोटरसाइलमा सवार १ जनाको केजी अस्पताल प्रालि धनगढीमा उपचार भईरहेको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। दाङ, तुलसीपुर उपमहानगरपालिका-१ माझगाउँस्थित सिसाखाना सामुदायिक वनमा हाल नाम, थर, वतन नखुलेका करिब ५० वर्षीय पुरूष आइतबार मृत अवस्थामा फेला परेका छन्। कास्की, पोखरा महानगरपालिका-८ सृजनाचोक स्थित घरमा डेरा गरी बस्ने तनहूँ भिमाद घर भएकी ६५ वर्षीया शान्ती माया आफ्नै कोठामा आइतबार मृत अवस्थामा फेला परेकी छन्।

## खोलाले बगाई मृत्यु

वाग्लुङ। गल्कोट नगरपालिका-११ काउचेस्थित दरमखोलामा सोही ठाउँ बस्ने खड्क बहादुर श्रीषको ७ वर्षीय छोरा सुजन श्रीष आइतबार मृत अवस्थामा फेला परेका छन्।

खोलाले बगाइरहेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय गल्कोट र प्रहरी चौकी खर्वाङबाट खटिएको प्रहरीले उनको शव खोलाबाट निकालेको थियो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Grudgingly = अनिच्छा दर्शाउदै The management hiked the salary of the employees grudgingly (व्यवस्थापनले अनिच्छा दर्शाउदै कर्मचारीहरूको वेतनमा वृध्दि गर्‍यो)

Hortatory = जोशमा ल्याउने खालको The public speech of the political leaders should be hortatory so that the crowd listen to it with ever-growing excitement (राजनैतिक नेताको भाषण यस्तो हुनु पर्दछ जुन श्रोताहरूलाई जोशमा ल्याउन सकोस)

Ingenuous = विश्वाशिलो, छलकपट नभएको, His ingenous smile proves that he is naive (उस्को छलकपट विनाको हसाइले उ सोझो छ भन्ने कुरा प्रमाणित गर्दछ)

Lope = लामो दुरीको उफ्राईका साथ दौडनु The tiger loped off into the jungle as it noticed possible danger (संभाब्य खतराको महसुस गर्दै वाघ लामो लामो दुरीको उफ्राईका साथ दौडदै जंगल भित्र घुस्यो)

Munificient = अति दयालु Japan has been a munificient giver for the development of Nepal (जापान नेपालको विकाशकोलागि सहयोग गर्ने दयालु दाता भित्र पर्दछ)

Nicety = झिनो अन्तर, It is difficult to go into all the niceties of this events (यस घटनाको विषयमा उठेका झिना अन्तरहरू पहिल्याउन कठिन छ)

Ostensible = सोझो वा सरल Although the ostensible purpose of this expedition is to clean the mountains, the member of the expedition is equally interested in scaling the summit (यो अभियानको सोझो उध्देश्य पर्वतमा रहेको फोहर सफा गर्नु भएतापनि अभियान दलका सदस्यहरू त्यस क्रममा शिखर चुम्न उत्तिकै इच्छुक छन् )

Pristine = प्रारंभिक कालका विशेषताभएको, मौलिक This is the pristine copy of the first edition so I can not lend you this book (पहिलो संस्करणको मौलिक प्रति भएको हुंदा म तिमीलाई यो किताव दिन सक्तिन)

Quaff = नचपाइ घुप्लुक घुप्लुक वा एकै सासमा निल्नु He was so thirsty that he quaffed the entire bottle of water in a minute (ऊ यति तिर्खाएको थियो कि सिंगै वोतल पानी एकै सासमा मिनेटभरमानै सक्यो)

Rue = गल्ति गरेको ठान्दै पछुताउनु He rued the same day he joined army (सैनिक सेवामा भर्ति भएकै दिन गरेको ठान्दैउसले पछुतायो)

# Show बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Show somebody to be = दर्ज गर्नु Her new book has shown her to be a first rate novelist उन्को नया कितावले उन्लाई प्रथम श्रेणीको उपन्यासकारमा दर्ज गरेको छ।

Show somebody round = घुमाउनु Our professional guide will show you around Kathmandu हाम्रो दक्ष पथप्रदर्शकले तपाइलाई काठमाण्डौ वरिपरि घुमाइदिने छ।

Show somebody = देखाइदिनु They believe that we defeat but we will show them हामी हार्छौं भन्ने कुरामा तिनीहरू विश्वस्त छन तर हामी देखाइदिनेछौं।

Show = झुल्किनु We waited you the entire day but you did not show हामीहरू तिमीलाई दिन भर पर्खेर वस्यौं तर तिमी झुल्केनौ।

Show somebody kindness = दया देखाउनु Thinking himself a religios he shows kindness to beggars आफुलाई धार्मिक ठान्दै उस्ले माग्नेहरू प्रति दया देखाउछ।

Show somebody..not = प्रमाणित गर्नु You have got no money now, it all only goes to show you should not gamble तिमीसंग अव पैशा छैन, यसले के प्रमाणित गर्छ भने तिमीले जुवा खेल्न हुँदैन।

Show the door = गलहत्याउनु After having insulted his host he was shown door निम्ता गर्ने ब्यक्तिलाईनै वेइजत गरेपछि उ गलहत्याइयो।

Show one's face = अनुहार देखाउनु She dare not show her face, if this video becomes public यो भिडियो सार्वजनिक भएपछि तिन्ले आफनो अनुहार देखाउने सहास गर्ने छैन।

Show hand = खुलाउनु I suspect that they are doing something but they have not shown their hand yet (तिनीहरूले केहिन केहि गर्न लागेको जस्तो लाग्छ मलाई तर तिनीहरूले अझै खुलाएका छैनन।

Show the way = बाटो देखाउनु He is quiet new her, show him the way to station (उ यहा विलकुलै नया हो उस्लाई स्टेसन सम्म पुग्ने बाटो देखाइदेउ )

## सुडोकु-अंक २२०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २ | १ | | | ९ | ८ | |
| | | ३ | | ४ | | ७ | | |
| ७ | | | ५ | | | | | |
| | ६ | | | १ | | | ३ | |
| | | | २ | | ६ | | | |
| | २ | | | ९ | | | ४ | |
| | | | | | ७ | | | ४ |
| | | ५ | | ६ | | २ | | |
| | ७ | ४ | | | १ | ५ | | |

## अंक २१९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ९ | ४ | ६ | २ | ५ | ७ | ३ | १ |
| ७ | २ | १ | ९ | ३ | ८ | ६ | ४ | ५ |
| ६ | ५ | ३ | १ | ४ | ७ | ९ | ८ | २ |
| ५ | ६ | ८ | ३ | ९ | १ | २ | ७ | ४ |
| १ | ४ | २ | ५ | ७ | ६ | ३ | ९ | ८ |
| ९ | ३ | ७ | २ | ८ | ४ | १ | ५ | ५ |
| २ | ८ | ९ | ४ | १ | ३ | ५ | ६ | ७ |
| ३ | ७ | ६ | ८ | ५ | २ | ४ | १ | ९ |
| ४ | १ | ५ | ७ | ६ | ९ | ८ | २ | ३ |

# Pidan Island

Reeds are produced in a large quantity on Pidan Island, covering over 60 sq km and situated on the estuary of the Amnok River along the northwestern border of Korea. The island is a leading raw material base of the chemical fibre industry of the country.







**Korean Women's Traditional Clothes, *Chima* and *Jogori***





These are photos which show *chima* (skirt) and *jogori* (jacket), Korean women's traditional clothes.

They are so distinctive and elegant that they attract the attention of the world people.

## World Biosphere Reserves in the DPRK





















The Democratic People's Republic of Korea has made strenuous efforts to protect the ecological environment and increase the number of species of animals and plants.


Mts Paektu, Kuwol, Myohyang, Chilbo and Kumgang are registered as world biosphere reserves.


These reserves are diversified in ecological environment and rich in biological resources.

As they are located at high altitudes, they have a vertical climatic zone. And they have mountains, wetlands, cliffs, underground caves, waterfalls, ponds, lakes, hot springs and seas.

Mt Paektu (2 750m above sea level) is the home of almost all plants unique to zones ranging from the temperate zone to arctic zone through the subarctic zone. Thousands of species of plants, including rhododendron, a medicinal herb which blooms even in snow, occur in this area.





















Found in this area are also rare animals as tiger, sable, otter, leopard, brown bear, musk deer, hundreds of species of birds, reptiles, amphibians and tens of species of fishes.

In the area of Mt Kumgang there are more than two thousand species of plants, among which 112 are indigenous plants and 46 are endangered plants.

*Pentactina rupicola*, or Kumgang-kuksunamu, is a rare plant belonging to a single genus and a single species.

Many animals live in this area because it has rich plant resources including wild fruit trees like wild Amur grape and tara vine, as well as medicinal herbs and edible greens. The areas of Mts Kumgang and Chilbo are rich in marine and land flora and fauna resources.

These reserves have many historical remains and relics which showcase the long history of the Korean nation.

Typical examples are dolmens, world-famous Koguryo mural tombs, old Buddhist temples, pagodas of various forms, paintings and printed materials.

These reserves are of high value as tourism resources for they are all beautiful and present different scenery according to season.

Whereas the Mt Paektu area presents the singular landscape of the alpine area, the areas of Mts Chilbo and Kumgang are the places for enjoying the scenery of mountains and seas. And the Mt Myohyang area has underground scenic spots like the Ryongmun Cavern and Paengnyong Cave, and the Mt Kuwol area has an old fortress and Koguryo mural tombs.

## समाजमा...

उभ्याउन सहयोग गर्नु भन्दा पनि केटा खोजेर तत्काल विवाह गर्न तम्सीने परिवार पनि यही समाजमा पाइन्छन । यसरी इज्जत जाने डरले घटना लुकाउदा समाजमा गलत मनोवृत्तिका मानिसहरूको भिड बढदै जान्छ र आम छोरी चेलीहरू असुरक्षित हुँदै जान्छन ।

बलात्कारका घटना गाउँमै भद्रभलादमी बसेर मिलाउने गरेका दृष्यहरू पनि धेरै छन । अहिले त झनै बलत्कार घटना गाउमै मिलाउनेमा स्थानीय तहका जनप्रतिनिधिहरू पनि अग्रसर हुनेगरेका खबरहरू त्यत्तिकै छन । राज्यले बलत्कारका घटनामा संलग्नहरूलाई कानुनको कठाघरामा ल्याउन सकिरहेको छैन । बलत्कारीलाई उन्मुक्ती दिने कार्यमा राज्य नै लागि परेका थुप्रै नजिरहरू हाम्रो सामु छन् । राज्यले दोषीलाई समाउन आनाकानी गरेको गतिलो उदाहरण निर्मला पन्तको घटनालाई लिन सकिन्छ ।

आजसम्म पनि राज्यले निर्मला हत्यका दोषी समाउन सकेको छैन । यसले गर्दा हिंस्रक मानसिकता भएकाहरूको मनोबल बढीरहन्छ । बलत्कार जस्तो जघन्य कार्यमा संलग्न हुने जो कोहीलाई राज्यले छोडनु हुदैन । बलत्कारीहरूलाई राजनैतिक संरक्षणको आडमा उन्मुक्ती दिने काम बन्द गरिनु पर्दछ । कुनैपनि वहानामा बलत्कार तथा हिंसाजन्य कार्यमा संलग्नहरूलाई कानुनी कारवाहीका लागि राज्यका सबै संयन्त्रहरूले ठोस भूमिका निर्वाह गर्न सकेको खन्डमा समाजमा छोरीचेलीहरूले सुरक्षित महसुश गर्न सक्छन । पहिला त छोरीहरूलाई सुरक्षित महशुस गराउनका लागि समाज तथा परिवारको नै अहम भुमिका रहन्छ ।

उनीहरूका आवाजलाई बाहिर ल्याउनका लागि परिवार तथा समाजले प्रोत्साहन गर्न जरुरी छ । समाजले नै बलत्कृत छोरीहरूका आवाज बाहिर ल्याउनमा भुमिका खेल्ने हो भने समाजमा बढिरहेको बलत्कार तथा महिला हिंसाका घटनाहरूमा कमी ल्याउन थप आधार तयार हुन सक्दछ । यसमा राज्यले पनि थप सम्बेदनशिलता अपनाउन आवश्यक छ । बलत्कारीहरूलाई कानुनी कारवाही गरी छोरीहरूप्रति यो राज्य जहिले पनि सम्बेदनशिल छ है भन्ने सन्देश दिन आवश्यक छ । राज्यले समाजमा बढेका हिंसाजन्य घटना अन्त्यका लागि आफ्नो उपस्थिती मजबुद् बनाउन कुनै कसुर बाकी राख्नु हुदैन ।

## संगठन...

प्रदेशस्तरीय प्रशिक्षणको आयोजना गर्ने समेत निर्णय गरेको छ । २०७७ चैत्र १३ गते प्रगतिशील युवा संघ नेपालको सुदूर पश्चिम प्रदेशस्तरीय अगुवा कार्यकर्ताहरूको भेला कैलाली, घोडाघोडी नगरपालिकाको दिपनगर गाउँमा सफलतापूर्वक सम्पन्न भएको छ । नेकपा (माले) का स्थायी कमिटी सदस्य एवम् वर्गीय तथा जन संगठन मोर्चा प्रमुख क. कुमार बेलबासेबाट भेलाको उद्घाटन भएको थियो ।

भेलालाई बेलबासे, प्रयुसंघ, नेपालका केन्द्रीय अध्यक्ष दिनेश खाती, प्रयुसंघ, नेपालका केन्द्रीय कोषाध्यक्ष क. वसन्त पाण्डेले मन्तव्य मार्फत शुभकामना दिनुभएको थियो । भूपेन्द्र विश्वकर्माको अध्यक्षतामा भएको उद्घाटन सत्रको सञ्चालन दिलबहादुर बिष्टले गर्नुभएको थियो भने उक्त उद्घाटन सत्रमा नेकपा (माले) स्थायी कमिटी सदस्य तथा सुप इञ्चार्ज क. सुरेन्द्र ढकाल, केकस तथा सुप सचिव परेक रावल र केकस सीता चौधरी विषेश अतिथि तथा अतिथिको रूपमा उपस्थित रहनुभएको थियो ।

भेला पछि सम्पन्न बन्द सत्रले भूपेन्द्र विश्वकर्माको अध्यक्षतामा २१ सदस्यीय प्रगतिशील युवा संघ, नेपाल सुदूर पश्चिम प्रदेश कमिटीको गठन गर्नुका अतिरिक्त आगामी संघर्ष तथा संगठन सुदृढीकरणका निम्ति विभिन्न निर्णयहरू समेत गरेको छ । नवनर्वाचित पदाधिकारी एवम् सदस्यहरूलाई केन्द्रीय अध्यक्ष दिनेश खातीले पद तथा गोपनीयताको सपथ ग्रहण गराउनु भएको थियो । उक्त कार्यक्रममा विभिन्न पार्टी तथा युवा संगठनहरू परित्याग गरि १५ जना युवाहरू प्रगतिशील युवा संघ, नेपालमा प्रवेश गर्नुभएको थियो । वहाँहरूलाई प्रमुख अतिथि क. कुमार बेलबासेद्वारा टीका लगाएर स्वागत सहित संगठन प्रवेश गराइएको थियो ।

**कर्णाली प्रदेशको बैठक सम्पन्न**

यसैगरी २०७७ चैत ११ गते सुर्खेतको 'अमृत डाँडा' गाउँमा नेकपा (माले) कर्णाली प्रदेश कमिटीको बैठक कमिटी सचिव क. बलबहादुर गिरीको अध्यक्षतामा बस्यो । पार्टी स्थायी कमिटी सदस्य तथा पार्टी समर्थित वजस मोर्चा प्रमुख क. कुमार बेलबासेको प्रमुख आतिथ्यतामा बसेको बैठकमा पोलिटब्युरो सदस्य तथा कर्णाली प्रदेश इञ्चार्ज क. मानबहादुर शाही, पार्टी केन्द्रीय कमिटीका सदस्यहरू क. गोरासिंह बोहोरा, क. दिनेश खाती र क. वसन्त पण्डे पनि अतिथिको रूपमा सहभागी हुनुहुन्थ्यो ।

बैठकले समसामयिक राष्ट्रिय राजनीति, कर्णाली प्रदेशका दशवटै जिल्लामा पार्टीको सांगठनिक अवस्था तथा आगामी कार्ययोजना सम्बन्धमा छलफल भएको थियो । बैठकले प्रदेशमा पार्टी एवम् वर्गीय संगठनहरूको विस्तार तथा सुदृढीकरण, पाँच जनकार्यलाई व्यवस्थित हिसाबले सम्पादन गर्ने निर्णय गर्नुका अतिरिक्त २०७८ बैशाख १३ गते महासचिव क. सीपी मैनालीको विशेष उपस्थिति गराई सुर्खेतको वीरेन्द्रनगरमा जनसभा आयोजना गर्ने निर्णय समेत गरेको छ ।

## भुसाल र...

पार्टी साधारण सदस्यबाट अध्यक्ष केपी शर्मा ओलीले निलम्बन गरेको प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले बताए ।

## पुराना...

नारायणकाजी श्रेष्ठ, पम्फा भुसाल, गणेश शाह, पूर्वसभामुख कृष्णबहादुर महरालगायतका नेताहरूले अन्तिम बिदाइ गरे ।

नेता मानन्धर नेपाली कम्युनिस्ट आन्दोलनका इमानदार नेताको रूपमा परिचित थिए । उनको नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) बनाउन महत्वपूर्ण भूमिका रहेको छ । मानन्धर लामो समयसम्म नेकपा (संयुक्त)को महासचिव थिए ।

९१ वर्षका मानन्धर श्वासप्रश्वासमा समास्या देखिएपछि १५ दिनअघि उपचारका लागि पाटन अस्पताल भर्ना भएका थिए । १९८७ साल पुस ३ गते रौतहटको गौरमा जन्मिएका मानन्धर नेपाली कम्युनिस्ट आन्दोलनका यस्ता नेता हुन् जसले भूमिहीन किसानको आन्दोलनलाई अघि बढाएर सरकारलाई घुँडा टेकाए ।

नेपालका अधिकांश कम्युनिस्ट नेताहरूले २००७ सालको जनक्रान्तिमा भाग लिएनन् तर मानन्धर यस्ता कम्युनिस्ट नेता हुन् जसले राणाशासनभन्दा प्रजातन्त्र उपयुक्त शासन व्यवस्था हो भन्दै जनक्रान्तिका पक्षमा किसानलाई मैदानमा उतारे । २००७ सालको क्रान्ति सम्पन्न भइसकेपछि उनले जमिनदारविरुद्ध गरिब किसानको वर्ग संघर्ष चलाए । नेपालमा कम्युनिस्ट दर्शन बमोजिमको वर्ग संघर्ष चलाउने एक मात्रै नेताका रूपमा मानन्धर चिनिन्छन् ।

## संवैधानिक र...

एकलौटी गर्दै फागुन २८ गते आफ्नो समूहको केन्द्रीय कमिटी बैठकमार्फत आफूलाई शक्तिशाली बनाएपछि नेपाल खनाल समूह विद्रोहमै उत्रिएको छ । यो समूहले छुट्टै देशव्यापी कार्यकर्ता भेला गरेपछि अध्यक्ष ओलीले बदलास्वरुप वरिष्ठ नेता माधवकुमार नेपाल र भीम रावललाई सदस्यसमेत नरहने गरी ६ महिनाका लागि पार्टीबाट निष्कासित गरेका छन् । कारबाहीको ओली डण्डा अब सुरेन्द्र पाण्डे, घनश्याम भुसालतिर पनि सोझिँदैछ । ओलीको यो कदमलाई तानाशाही, स्वच्छेचारी र एमाले विसर्जन गर्ने हर्कत भन्दै नेपाल खनाल समूह देशव्यापी समान्तर कमिटी बनाउँदै प्रतिकारमा उत्रिएको छ । ओलीलाई विश्वासको मत लिनैपर्ने अवस्था आएमा उनी अल्पमतमा पर्ने र देश मध्यावधिमा धकेलिने सम्भावना त्यत्तिकै छ ।

सरकारका परिवर्तनका लागि दलहरूले आपसी संवादहरू अहिले पनि जारी नै राखेका छन् । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले कांग्रेस सभापति शेरबहादुर देउवालाई सरकारको नेतृत्व लिन भने पनि देउवा अझै 'पर्ख र हेर' को अवस्थामा देखिएका छन् । देउवा ओलीका विरुद्ध जान नचाहेको राजनीतिक वृत्तमा बुझाइ छ । यसमा आन्तरिकभन्दा पनि बाह्य शक्तिको चलखेल रहेको अनुमान गरिँदैछ । भारतीय बाह्य खुफिया एजेन्सी रअका प्रमुख सामन्त कुमार गोयलसँग 'वान टु वान' गोप्य वार्तापछि ओलीले संवाद विघटनको निर्णय लिएको आरोपको खण्डन ओलीले अझै गर्न सकेका छैनन् । संसद विघटन धर्मनिरपेक्ष संविधान नै सिध्याउने षड्यन्त्रको रुपमा समेत राजनीतिक क्षेत्रमा चर्चा चलेको थियो । भारतको सत्ताधारी दल भारतीय जनता पार्टी अतिहिन्दुवादी भएकाले नेपालको धर्मनिरपेक्ष संविधानप्रति असन्तुष्ट रहँदै आएको छ । संविधानसभाको दोस्रो संस्करणले नेपालको नयाँ संविधान जारी गर्दै गर्दा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो विशेष दूत पठाएर हस्तक्षेप गर्न नखोजेको होइन । तर फास्ट ट्र्याक विधिबाट संविधानसभाले संविधान बनाएर जारी गर्‍यो । यसको बदलामा मोदी सरकारले नेपालमाथि पाँच महिना लामो अमानवीय नाकाबन्दी नै लगायो । भारतले अहिलेसम्म नेपालको संविधानलाई समर्थन गरेको छैन । मोदी सरकार संविधानलाई असफल बनाएर नेपाललाई हिन्दू राष्ट्र बनाउने नेपथ्यमा तानाबुना कसिरहेको छ । राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) बाट प्रशिक्षित नरेन्द्र मोदी हिन्दू पुनर्जागरणको लहर ल्याउने अभियानमा छन् । यदि सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापित नगरेको भए स्थिति संविधान सकिनेतिर जाने थियो भन्ने विश्लेषण पनि अझै सुनिँदैछ ।

नेपालको आन्तरिक राजनीतिमा बाह्य शक्तिको चलखेल हुने गरेको कुरा नौलो होइन । खासगरी भारत नेपालमा आफ्नो प्रभाव कायम राख्न जुनसुकै हदसम्म जान चाहन्छ । नाकाबन्दीका बेला भारतसँग घुँडा नटेकी चीनतिर ढल्किएका प्रधानमन्त्री ओलीसँग मोदी

# फुटबलले ल्याएको खुसी

काठमाडौं । सिनियर राष्ट्रिय फुटबल टोलीले झन्डै चार दशकपछि घरेलु मैदानमा उपाधि जितेको छ । थ्री नेसन कपअन्तर्गत सोमबार दशरथ रंगशालामा भएको फाइनलमा नेपालले बंगलादेशलाई २-१ गोलले पराजित गर्दै ट्रफी उचालेको हो । यसअघि सिनियर टोलीले सन् १९८४ मा दशरथ रंगशालामै भएको दक्षिण एसियाली महासंघीय खेलकुद (साफ) को उपाधि जितेको थियो । त्यतिखेर पनि नेपालले बंगलादेशलाई नै पराजित गरेको थियो । उपाधि पक्का भएपछि नेपाली टोलीका प्रशिक्षक बालगोपाल महर्जनले खुसी व्यक्त गरे ।




दक्षिण एसियाली फुटबलमा परम्परागत प्रतिद्वन्द्वी बंगलादेशसँग नेपालले तीन प्रतियोगिताको फाइनल खेल्दा दुईमा उपाधि जित्न सफल भएको छ । सन् १९९९ मा नेपालमै आयोजना भएको साफको आठौं संस्करणमा पनि नेपालले फाइनल बंगलादेशसँग खेलेको थियो । यद्यपि, उक्त खेल बंगलादेशले १-० ले जितेको थियो । नेपालले दुई वर्षअघि दशरथ रंगशालामै भएको १३औं दक्षिण एसियाली खेलकुद (साग)को फुटबलतर्फको स्वर्णपदक जितेको थियो । तर, आठौं संस्करणपछि सागमा यू-२३ टोलीले प्रतिस्पर्धा गर्दै आइरहेका छन् । थ्री नेसन कप साफ च्याम्पियनसिप स्तरको प्रतियोगिता होइन । तीन टोली (किर्गिस्तानको यू-२३ टोलीसहित) मात्रै सहभागी प्रतियोगिता हो । तर, कोरोना महामारीले सिथिल नेपालीमा यही प्रतियोगिताको उपाधिले पनि केही खुसी दिएको छ । सोमबार हजारौं दर्शकले स्टेडियममै पुगेर नेपालले उपाधि जितेको खुसियाली मनाए ।

फाइनल खेलका लागि अखिल नेपाल फुटबल संघ (एन्फा)ले चार हजार आठ सय २६ टिकट बिक्री गरेको थियो । जसमध्ये चार हजार पाँच सय २६ साधारण प्यारापिट र तीन सय भिआइपी प्यारापिटतर्फको टिकट बिक्री भएको थियो । त्यसबाहेक एन्फाले ठूलो संख्यामा पास वितरण गरेको थियो ।

नेपाली सिनियर टोलीले जितेको यो समग्रमा पाँचौं उपाधि हो । नेपालले छैटौं साफ (१९८४)मा उपाधि जितेको थियो । त्यसपछि एकैपटक सन् २०१६ मा बंगलादेशमा भएको बंगबन्धु गोल्डकप र मलेसियामा भएको एसियाली फुटबल महासंघ (एएफसी) सोलिडारिटी कपको उपाधि जितेको थियो ।

प्रशासन रुष्ट थियो । प्रधानमन्त्री ओलीले लिएको राष्ट्रवादी अडानले एमालेलाई स्थानीय, प्रदेश र संघीय संसदको निर्वाचनमा भारी सफलता प्राप्त भयो । ओलीले चीनसँग ऐतिहासिक पारवहन सम्झौता गरेपछि नेपाल भूपरिवेष्ठित राष्ट्रबाट भूजडित राष्ट्रमा परिणत भयो । भारत नेपाललाई आफ्नो प्रभाव क्षेत्रभित्रै राख्न चाहन्थ्यो । केन्द्रीय सत्तामा बहुमतका साथ ओलीको उदय भारतलाई रुचिकर हुने कुरै भएन । अझ माओवादी केन्द्रसँग एकता भई नेकपा बनेपछि ओली दुईतिहाई नजिक बहुमतका प्रधानमन्त्री भए ।

नेकपाले चिनियाँ कम्युनिस्ट पार्टीसँग भाइचारा सम्बन्ध मात्र कायम गरेन, सिजिन पिङ विचारधारालाई नै भित्र्यायो । चिनियाँ राजनीतिक प्रशिक्षणहरू आएर नेकपालाई सिजिन पिङ विचारधारा पढाउन थाले । नेपालमा बढ्दो चिनियाँ प्रभावबाट भारत अत्तालिन थाल्यो । ओलीलाई सत्ता बहिर्गमन गराउन भारतले नेकपाका अर्का अध्यक्ष प्रचण्डलाई उचाल्न सुरु गर्‍यो । प्रचण्डले भारत पुगेर 'साढे दुई वर्षपछि म प्रधानमन्त्री' भन्न थाले । एमाले र माओवादी केन्द्र एकता गर्दा ओली र प्रचण्डबीच पाँचबुँदे लिखित सम्झौता भएको थियो जसको चौथो नम्बर बुँदामा सरकारको नेतृत्व आधा आधा समय गर्ने भन्ने उल्लेख थियो । यसैमा टेकेर भारतको निर्देशनमा प्रचण्डले ओलीको राजीनामा माग्न थाले । प्रचण्ड, माधव नेपाल, झलनाथ खनाल, वामदेव गौतम एउटै कित्तामा उभिएर ओलीविरुद्ध गतिविधि गर्न थाले । नेकपाको नेतृत्व पंक्तिमा आएको विवादलाई मिलाउन चीनले कूटनीतिक सक्रियता बढायो । भारत 'ब्याक' भयो । चीन ओलीको सत्तामा भन्दा नेकपाको अक्षुण्णताको पक्षमा बढी देखियो, जुन ओलीलाई मन परेन ।

ओली विस्तारै सचिवालय, स्थायी समिति, केन्द्रीय कमिटी र संसदीय दलमा समेत अल्पमतमा परे । यसपछि उनले चिनियाँ धुरीलाई आफ्नो हितमा देखेनन् । उनी इन्डो अमेरिकी धुरीमा सामेल भए । अमेरिकाको विश्वास जित्न एमसीसी -मिलिनियम च्यालेन्ज कर्पोरेसन) लाई संसदबाट पारित गराउने जमर्को गरे । तर प्रचण्डहरूले एमसीसी संसदको कार्यसूचीमा पार्न दिएनन् । बरु ओलीलाई सत्ताबाटै लखेट्ने अभियान तेज गरियो । आफूमाथि पार्टीभित्रैबाट प्रहार भएपछि ओलीले संसद विघटनको अप्रिय कदम उठाए । यसलाई पनि सर्वोच्चले बदर गरेपछि ओली संकटमा परे । सर्वोच्चकै २३ फागुनको फैसलाले माओवादी र एमालेलाई अलग अलग गरिदिएपछि ओली पुन: शक्तिमा फर्किएका छन् र संसदलाई निष्क्रिय बनाउँदै फेरि मध्यावधिको पासा फ्याँक्ने तयारीमा देखिएका छन् ।

## भारतले...

अतिक्रमण गरी सीमा स्तम्भ गाडेको पाइएको छ । नापी भएका बेला भारतले ५० र ५१ नम्बरका पिलर साविकको नेपाली जमिनभन्दा ५ सय मिटर वरै गाडेको हो । सरकारी स्रोतका अनुसार झापा-इलामको सीमावर्ती क्षेत्र जिर्मलेदेखि दक्षिण झापाको पाठामारीसम्म करिब ४ हजार बिघा जमिन भारतले अतिक्रमण गरेको पाइएको छ ।

झापा भद्रपुरको मेची नदीपारि अवस्थित भारतीय सीमा सुरक्षा बल (एसएसबी) को क्याम्पभित्र वर्षौंदेखि काँडेतारभित्र जंगे पिलर कैद छ । जसले भारत बिहारको गलगलिया क्षेत्रमा पर्ने एसएसबी क्याम्प पहिला नेपाली भूभाग थियो भन्ने कुरा यही पिलरले पुष्टि गर्छ । भारत बिहारको गलगलियास्थित डागुजोतका एसएसबीले १ नम्बर तथा किसनगन्ज चुल्ली पञ्चायत खटकद्दीस्थित एसएसबीले ३ नम्बर स्तम्भ कब्जा गरी २०५८ सालमै क्याम्प खडा गरेको जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ ।

एसएसबीले वर्षौंदेखि कब्जा गरेको सीमा स्तम्भलाई सरकारी अधिकारीले रिफरेन्स पिलर मान्दै आए पनि सीमाविद् बुद्धिनारायण श्रेष्ठ भने उक्त पिलर नेपाल-भारत सीमा छुट्याउने मुख्य सीमा पिलर (जंगे पिलर) रहेको दाबी गरेका छन् । २०५७ सालमा प्रकाशित श्रेष्ठको पुस्तक 'नेपालका सिमाना' का अनुसार भद्रपुर नगरपालिकाको साँधमा बगेको मेची नदीको ठीक पूर्वी किनारमा रहेको खम्बा जंगे स्तम्भ नै भएको उल्लेख छ ।

यो जंगे स्तम्भ नेपाल-बंगाल-बिहारको त्रिबिन्दुका रूपमा स्थापित छ । पुस्तकका अनुसार २०५२ चैत महिनामा नेपाल-भारत संयुक्त नापी टोलीद्वारा १२० नं. स्तम्भ नजिकबाट सीमारेखा पश्चिमतर्फ मोड्दै अंग्रेजी अक्षरको 'सी' आकार जस्तै पारेर घुमाई जंगे स्तम्भको केही दक्षिण पुर्‍याइएको थियो । घुमाउरो नयाँ सिमानामा १०१/१ देखि १०१/११ नम्बरका नयाँ सहायक सीमा खम्बाहरू भटाभट गाडिएका थिए । यसले गर्दा साविकको सिमानाभन्दा करिब १ किलोमिटर क्षेत्र मेची नदीभन्दा पश्चिमको नेपाली भूभाग मिचिई भद्रपुर माविको मैदानसमेत नयाँ सीमा खम्बा गाडिएको थियो ।

सुनसरीसँग जोडिएका नेपाल-भारतबीचको दशगजा क्षेत्रमा दुवैतर्फबाट अतिक्रमण गरेर बनाएका घरटहरा र खेतीपाती नष्ट गरिदिएपछि दशगजा क्षेत्र अतिक्रमणमा कमी आएको छ । सशस्त्र प्रहरी बल सुनसरीका अनुसार ११ वटा घरटहरा र भारततर्फबाट अतिक्रमण गरी बनाइएका ४ वटा घरटहरा नष्ट गरिएको हो । नेपाल-भारतबीचको दशगजा क्षेत्र दुई मुलुकलाई भौतिक र राजनीतिक रूपमा छुट्याउने अन्तर्राष्ट्रिय सिमाना हो ।

नेपाल-भारत सीमाका धेरै ठाउँमा दशगजा कहाँ छ भनेर पत्ता लगाउन नै गाह्रो पर्ने अवस्था छ । प्रदेश २ का आठवटै जिल्ला भारतसँग सीमा जोडिएका छन् । सशस्त्र प्रहरीले गरेको सर्वेक्षणका अनुसार प्रदेश २ का विभिन्न जिल्लाका ५ सय ४९ स्थानमा भारतीयले नेपाली भूमिमा बलमिचाइँ गरेका छन् । सप्तरीमा ११, सिरहा २९, धनुषा ३९, महोत्तरी २५, सर्लाही १ सय २, रौतहट ६, बारा ११ र पर्साको ३ सय २६ स्थानमा भारतीयले नेपाली भूमि प्रयोग गरिरहेका छन् । भारतीय नागरिकले बलजफ्ती खेती गर्दै आएको सुरक्षाकर्मीको तर्क छ । भारतीय नागरिकले दशगजा क्षेत्रमै धान, गहुँ र दलहनलगायत बाली उब्जाउँदै आएका छन् । सीमा क्षेत्रमा लगाइएको खेती एकपक्षीय रूपमा मास्न पनि नमिल्ने भएकाले नेपाली पक्ष चुपचाप छ । सशस्त्र प्रहरीले यसबारे उच्च तहमा जानकारी गराए पनि दशगजा खाली गराउन उच्च तहबाटै पहल नभएको प्रहरीका एक अधिकारीले बताए ।

## विश्वबैंकको...

वृद्धि हुने र २०२२ मा वृद्धिदर ४.४ प्रतिशतमा सीमित हुने उसले प्रक्षेपण गरेको छ । यो क्षेत्रमा आर्थिक क्रियाकलाप कोभिड-१९ अघिको अवस्थामा फर्किन अझै समय लाग्ने पनि जनाइएको छ । अनौपचारिक क्षेत्रमा गुमेको रोजगारीका कारण बढेको असमानता तथा मानवीय पुँजीमा आएको ह्रासका कारण आर्थिक वृद्धि असमान भएको विश्व बैंकको ठहर छ । बैंकका अनुसार सन् २०२२ सम्ममा यो क्षेत्रको आर्थिक क्रियाकलाप पुरानै लयमा फर्किने अनुमान छ । यो क्षेत्रमा भएको विद्युत् खपत र यातायातको तथ्यांकले आर्थिक क्रियाकलाप पुरानै अवस्थामा फर्किँदै गएको संकेत गर्ने प्रतिवेदनमा उल्लेख छ । सन् २०२१-२२ मा यो क्षेत्रको सबैभन्दा ठूलो अर्थतन्त्र भारतको आर्थिक वृद्धिदर १० प्रतिशतभन्दा बढी हुने अनुमान छ । यसअघि जनवरीमा प्रकाशित विश्व बैंकको प्रतिवेदनले भारतको आर्थिक वृद्धिदर ४.७ प्रतिशत मात्रै हुने अनुमान गरेको थियो ।

नेपालसहित बंगलादेश र पाकिस्तानको पनि आर्थिक वृद्धिदर यसअघि अनुमान गरिएभन्दा बढी हुने प्रतिवेदनमा जनाइएको छ । बंगलादेशको आर्थिक वृद्धिदर सन् २०२१ म ३.६ प्रतिशत र पाकिस्तानको १.३ प्रतिशत हुने विश्व बैंकले प्रक्षेपण गरेको छ । दक्षिण एसियाली मुलुकले कोभिड-१९ को प्रभाव नियन्त्रणमा लिन गरेको प्रयास र भ्याक्सिन लगाउन सुरु गरेका कारण यो क्षेत्रको आर्थिक वृद्धिदर यसअघि आकलन गरिएभन्दा बढी हुने विश्व बैंकले जनाएको हो ।

## उठेन...

छलफल गरिहेको छ । ५१ जना शिक्षकको माग गरिएकामा २० जना शिक्षकको दरबन्दी दिने निर्णय कामपाले गरिसकेको छ । कामपा वातावरण विभागमा प्रमुख हरिकुमार श्रेष्ठका अनुसार फोहोर व्यवस्थापन कार्य सबैको साझा समस्या भएकाले यसमा सहयोग गरिदिन प्रभावित क्षेत्र सिसडोलका बासिन्दासँग आग्रह गरे ।

काठमाडौं उपत्यकाका १८ स्थानीय तहको फोहोर विगत १३ वर्षदेखि नुवाकोटको सिसडोलस्थित ल्यान्डफिल साइटमा विसर्जन गरिँदै आएको छ । शुरुमा दुई वर्षका लागि भने पनि १३ वर्षसम्म निरन्तर फोहोर व्यवस्थापन गर्दा विभिन्न किसिमको समस्या आएको भन्दै स्थानीयवासीले अन्यत्र विकल्प खोज्नका लागि अवरोध गर्दै आएका छन् ।

उपत्यकाबाट दैनिक एक हजार २०० मेट्रिक टन फोहोर सिसडोलमा व्यवस्थापन हुँदै आएको छ । सबैभन्दा बढी कामपाबाट ५०० मेट्रिक टन फोहोर लगिने गरिएको छ । हरेक दिन उपत्यकाबाट निजी र कामपाको गरी २०० गाडी फोहोर लगिने गरिएको छ । दीर्घकालीन ल्यान्डफिल निर्माणका लागि सिसडोलभन्दा दुई किलोमिटर पर बञ्चरेडाँडामा एक हजार ७०० रोपनी जग्गा अधिग्रहण गरिसकेको भए पनि निर्माणको काम सम्पन्न भएको छैन ।

## सुरेन्द्र ढकाल...

रु तीसहजार परिचालन गरेको थियो । स्थानीय उपभोक्ता समितिका अध्यक्षलाई प्रतिष्ठान बाट सउलब्ध गराइएको रु एक लाखको चेक हस्तान्तरण पश्चात उद्घाटन समारोहलाई संवोधन गर्दै ढकालले राजनीति विकाशमा आधारित हुनुपर्ने र देशको लागि दिन सक्ने समाजसेवीहरू अव राजनीतिमा अगाडि आउनु पर्ने आवश्यकता भएको कुरा वताउनु भएको थियो । उक्त कार्यक्रममा निर्माणकार्यको आयव्ययको सामाजिक परिक्षण समेत गरिएको थियो । कार्यक्रममा पूर्व श्रममंन्त्री कुमार वेलवासेको उपस्थिती थियो भने स्थानीय समाजसेवी परेक रावल लगायत विकाश प्रेमी जनसमुदायको ठूलो उपस्थिति थियो । त्यसै गरी चैत्र १८ गते सुरेन्द्र ढकाल प्रतिष्ठानले ब्लड तथा किडनी इन्फेक्सनको कारण कान्ती अस्पताल भर्ना भएका एक वालककी आमा पवित्रा सुनारलाई वालकको उपचारमा सहयोग पुगोस भनी रु दशहजारको सहयोग गरेको छ । प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकाल आफै कान्ति अस्पताल गइ सो रकम वालककी आमा पवित्रा सुनारलाई हस्तातरण गर्नु भएको थियो ।

## देश विकासको...

हुन्छन् । नेतालाई खुसि पारेर आम्दानि हुने ठाउँमा सरुवा हुन कर्मचारी नै अगाडि बढेर जान्छन् । नेपालमा पंचायति ब्यबस्था भइन्जेल कर्मचारी यति भ्रष्ट भइसकेका थिएनन् । कर्मचारीमा डर हुन्थ्यो । आफुले गल्ती गर्‍यो भने बचाउने कोहि नभएपछि ठुला भ्रष्टाचार गर्ने हिम्मत गर्दैनथे । भ्रष्टाचार गर्ने कर्मचारीलाई पनि बेलाबेलामा कारबाहि भएका थिए ।

नेपालमा बहुदलिय ब्यबस्था आएपछि कर्मचारीमा संघ संघठन खोल्ने अबसर दिएपछि कर्मचारी नेताहरू दलका नेताहरूका पछि लाग्न थाले । यसपछि दलको संरक्षणमा भ्रष्टचार महुलाउन थाल्यो । ठुला दल र सत्तामा गएका नेताबाट भ्रष्टाचार सुरु हुनथाल्यो । त्यसपछि अन्तरगतका बिभाग, आयोजनाहरूमा भ्रष्टाचारले चरम सिमा नाग्न थाल्यो । ब्यबस्था बदलिरहे पनि सिस्टम झन खराब बनाउंदै सरकारले जनताका हितमा काम गरेनन् । आफुलाई सहयोग गर्ने दलाल पुंजिपतिका पक्षमा निर्णय गर्न थाले । त्यस्तै गरेर पछिल्लो अबस्थामा सर्बच्चोको निर्णयले एमाले र माओबादी दल अलग हुन पुगे । दल भित्रको आपसि खिचातानि, सत्ता स्वार्थले नेताहरू बिचमा बैमनस्यता बढ्दै गएर ठुलो पार्टि एमाले फुट्ने अबस्थामा छ । यसबाट पनि कर्मचारीहरू अलमलमा परेर बिकासका कार्यहरू अबरुद्ध हुंदैछन् । सरकारी कार्यलयमा खुलमखुला भ्रष्टाचार गर्ने कर्मचारीलाई पनि अख्तियारले कारबाहि गर्न सकेको छैन । ठुला भ्रष्टचारीलाई अख्तियारले हिम्मतसाथ काम नगर्दा जनताको सरकारप्रतिको आसा मर्दै गएको छ । धेरै जनताहरू यो लोकतन्त्रको नाममा आएको भाँडतन्त्र भन्दा पुरानै ब्यबस्था ठिक भन्न थालेका छन् । जसमा हिन्दु राष्ट्र , संबैधानिक राजसंस्थाको महत्व बढ्दै गएको छ । संघियताको कारण देशको प्रशासनिक खर्च अत्यधिक बढ्दै गएको र भ्रष्टाचार पनि त्यहि अनुरुप बढ्दै गएकाले जनताहरू संघियता चाहिंदैन भनि यसको बिरोधमा उत्रिन थालेका छन् ।

अब देशलाई सहि बाटोमा ल्याउनको लागि राजनैतिक दलका नेताको मात्र धेरै भर नपरि कर्मचारीमा पुरा बदलाब ल्याएर मजबुत बनाउन आबश्यक छ । कर्मचारी सक्षम इमान्दार तथा लगनशिल भएर मात्र पुग्दैन । कर्मचारी राजनीतिबाट अलग हुनैपर्छ । नीति नियमलाई कढाइसंग पालन गर्ने सक्षम कर्मचारी भएमा मन्त्री नेताले चाहँदैमा मात्र अनियमता तथा भ्रष्टाचार हुन सक्तैन । यस्ता सक्षम निडर केहि कर्मचारीमा पनि देखिएका छन् । यस्ता कर्मचारीलाई राम्रो अबसर दिइदैन ।

कर्मचारीको सहयोग बिना मन्त्रीले मात्र चाहेर भ्रष्टाचार हुन सक्तैन । यदि सबै सचिब र मुख्य सचिबहरूले देशको कानुनलाई मानेर अनियमिता नगर्ने कसम खाने हो भने प्रधानमन्त्रीले मात्र जे चाह्यो त्यहि गर्न पाउने छैनन् । उनीहरूले गर्ने सरुवा मात्र हो र केहि दिन बढुवा ढिला हुनसक्छ । तर कर्मचारीको अडान राष्ट्रहितमा रहेमा केहि समय पछि नेता पनि सहि लाइनमा आउन बाध्य हुनेछन् । कर्मचारीलाई राष्ट्रको मेरुदण्ड बनाउने हो भने कर्मचारीको तलब बढाएर उनीहरूको परिवार पाल्न पुग्ने हुनुपर्छ । कर्मचारीको ट्रेड युनियन तुरुन्त बन्द गर्नुपछ । कुनैपनि काम नगर्ने, असक्षम र भ्रष्ट कर्मचारी तथा अनुसाशनहिनलाई तुरुन्त कारबाहि गर्न थालिनु पर्छ ।

दिएको कार्य समयमा पुरा नगर्ने असक्षम आयोजना प्रमुखहरूलाई कारबाहि गरिनु पर्छ । समयमा काम सक्ने सक्षम इमान्दार कर्मचारीलाई बिना मुलाहिजा पुरुस्कृत गरिनु पर्छ । कुनैपनि तहमा राजनीतिक हस्तक्षेप कुनैपनि हालतमा हुनु हुंदैन । कर्मचारीलाई अन्याय हुन नदिन मुख्यसचिब सजग हुन जरुरि छ । दुर्गममा बसेर काम गर्ने कर्मचारीको समयमा सरुवा तथा पदोन्नति गर्ने कार्य प्राथमिकतामा राखिनु पर्छ । यति गर्न सरकार र कर्मचारी सक्षम भएमा देशले बिकास गर्न सक्छ । कर्मचारी सक्षम र इमान्दार भएमा संबैधानिक अंगहरू पनि त्यहि अनुरुप सक्षम र सकृय हुनेछन् । अहिले संबैधानिक अंगहरूमा राजनीतिक दलका नजिकका कर्मचारीले अबसर पाइरहेका छन् । संबैधानिक अंगहरूमा कर्मचारी समुहबाट मात्र छनौट नगरि स्वतन्त्ररुपमा कार्य गरिरहेका क्षमतावान योग्य, निडर र कानुनको राम्रो ज्ञाताहरू मध्यबाट छनौट गरिनु उचित हुनेछ । हाम्रो देश संगै स्वतन्त्र र प्रजातन्त्र आएका देशहरूले बिकासको फड्को मारिरहंदा हामी भने हाम्रा युवाहरूलाई स्वरोज गरेर देशमा बस्न पनि दिन सकेका छैनौ । अनि भ्रष्टाचार गर्ने सबभन्दा अगाडि लागिरहेको हाम्रो देशका जनताले कहिले बिकासको फल पाउने यसतर्फ सरोकारवालाले सोच्नै पर्छ ।

## पुनरावलोकन...

यसअघि भएको सर्वोच्चको फैसलामा ऋषिराम कट्टेललाई नेकपाको आधिकारिकता दिँदै यदि एकीकरण गर्ने भए १५ दिनभित्र नयाँ नाम सहित दर्ता गर्न निर्वाचन आयोगलाई आदेश पनि दिइएको थियो । तर प्रचण्डले फैसला पुनरावलोकनको माग गर्दै मंगलबार सर्वोच्च अदालतमा निवेदन दिएका थिए । अदालतको यो फैसलापछि नेकपा नाम विवादमा सर्वोच्चे २३ फागुनमा गरेको फैसला नै अन्तिम भएको छ ।